# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ३२९ | काठमाडौं | आइतबार, १५ चैत २०८२ | Prabhab National Daily | Sunday, 29 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


नयाँ सरकार, नयाँ रफ्तार

## बालेन्द्र सरकारको १०० बुँदे 'रोडम्याप'

- परम्परागत प्रशासनिक झण्झटलाई अन्त्य गर्न 'नतिजामा आधारित शासकीय प्रबन्ध' लागू गर्ने
- संघीय मन्त्रालयको संख्या घटाएर १७ मा सीमित गर्ने
- राहदानी, नागरिकता र राष्ट्रिय परिचयपत्रजस्ता सेवाहरु डिजिटल र एकीकृत प्रणालीमार्फत जुनसुकै जिल्लाबाट प्राप्त गर्न सकिने व्यवस्था तत्काल लागू गरिने
- निजामती कर्मचारी, शिक्षक र प्राध्यापकहरूलाई कुनै पनि दलको आबद्धतामा रहन प्रतिबन्ध लगाइने, कर्मचारीतन्त्रमा रहेको दलीय ट्रेड युनियन खारेज गर्ने
- २०४८ सालयता हालसम्म सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक पदाधिकारी र उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति छानबिन गर्न १५ दिनभित्र एक अधिकारसम्पन्न 'सम्पत्ति छानबिन समिति' गठन गर्ने
- विश्वविद्यालयबाट दलीय विद्यार्थी संगठनका संरचना ९० दिनभित्र हटाउने
- भदौ २४ गतेको घटनाबारे सत्यतथ्य छानबिन गर्न एक हप्ताभित्र उच्चस्तरीय छानबिन समिति बनाउने

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** सरकारले मुलुकको शासकीय स्वरूपमा आमूल परिवर्तन गरी नागरिकको जीवनमा प्रत्यक्ष सुधार ल्याउने उद्देश्यले १०० बुँदे विशेष कार्यसूची सार्वजनिक गरेको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र शाहले प्रधानमन्त्रीको कार्यभार सम्हालेपछि शुक्रबार बसेको मन्त्रिपरिषद्को पहिलो बैठकबाट स्वीकृत 'शासकीय सुधार सम्बन्धी कार्यसूची' शनिबार सार्वजनिक गरिएको हो ।

फागुन २१ को प्रतिनिधिसभा सदस्य निर्वाचनबाट करिब दुईतिहाइ बहुमत पाएको रास्वपाबाट सरकारको नेतृत्व गरेका शाहले नतिजामा आधारित शासनलाई जोड दिँदै उक्त कार्यसूची ल्याएका हुन् । परम्परागत प्रशासनिक झण्झटलाई अन्त्य गर्न 'नतिजामा आधारित शासकीय प्रबन्ध' लागू गर्ने कार्यसूचीमा उल्लेख छ ।

यसअन्तर्गत प्रत्येक मन्त्रालयले सात दिनभित्र आफ्ना प्रमुख १० कार्य र तिनको कार्यसम्पादन सूचक तयार गरी प्रधानमन्त्री कार्यालयमा बुझाउनुपर्ने छ । सरकारी सेवालाई बिचौलियामुक्त बनाउन राहदानी, नागरिकता र राष्ट्रिय परिचयपत्रजस्ता सेवाहरू डिजिटल र एकीकृत प्रणालीमार्फत जुनसुकै जिल्लाबाट प्राप्त गर्न सकिने व्यवस्था तत्काल लागू गरिने बताइएको छ ।

कार्यसूचीमा प्रशासनिक पुनर्संरचना र मितव्ययितालाई जोड दिएको पाइएको छ । चालु खर्च घटाउन ३० दिनभित्र संघीय मन्त्रालयको संख्या घटाएर १७ मा सीमित गर्ने, सार्वजनिक प्रशासनलाई पूर्णतः राजनीतिक हस्तक्षेपबाट मुक्त गर्न निजामती कर्मचारी, शिक्षक र प्राध्यापकहरूलाई कुनै पनि दलको आबद्धतामा रहन प्रतिबन्ध लगाइने, कर्मचारीतन्त्रमा रहेको दलीय ट्रेड युनियन खारेज गर्ने

क्रमशः पृष्ठ २ मा

# ओली–लेखक पक्राउले तरंग

## वैधानिकतामाथि प्रश्न, प्रतिशोध साँधेको आरोप

■ **जेबी योञ्जन**

**काठमाडौं–** नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकको पक्राउसँगै यसको कानुनी प्रक्रिया र विधिसम्मततामाथि गम्भीर बहस सुरु भएको छ । बालेन्द्र शाह नेतृत्वको मन्त्रिपरिषद्ले गौरीबहादुर कार्की नेतृत्वको आयोगले बुझाएको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेको २४ घण्टा नबित्दै ओली र लेखकलाई पक्राउ गरेपछि उक्त कदम कति कानुनी र प्रक्रियासम्मत छ भन्ने विषयले न्यायिक परीक्षणको चरणमा प्रवेश गर्ने देखिएको छ ।

सरकारले गत भदौ २३ र २४ मा भएको जेन-जी आन्दोलनका घटनाबारेको जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेपछि प्रहरीले मुलुकी फौजदारी कार्यविधि संहिताअनुसार 'जरुरी पक्राउ पुर्जी' जारी गर्दै शनिबार बिहानै ओली र लेखकलाई पक्राउ गरेको हो । तर, यही प्रक्रियालाई लिएर कानुन व्यवसायीहरूबीच मतभेद देखिएको छ ।

वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले पक्राउ प्रक्रियामा गम्भीर कानुनी त्रुटि भएको दाबी गरेका छन् । 'सामान्य अवस्थामा अदालतको अनुमति नलिई कसैलाई पक्राउ गर्न पाइँदैन । यहाँ अदालतको अनुमति लिइएको देखिँदैन,' उनले प्रभावसँग भने, 'जरुरी पक्राउ





पुर्जी त्यतिखेर मात्रै प्रयोग गर्न मिल्छ, जतिखेर अभियुक्त भाग्ने वा प्रमाण नष्ट गर्ने सम्भावना हुन्छ । ओलीको हकमा त्यस्तो अवस्था देखिँदैन ।'

उनका अनुसार दोस्रो महत्त्वपूर्ण प्रश्न जाँचबुझ आयोगको प्रतिवेदनकै वैधानिकतासँग जोडिएको छ । उनले भने, 'जुन प्रतिवेदन औपचारिकरूपमा सार्वजनिक नै भएको छैन, त्यसलाई आधार बनाएर पक्राउ गर्नु पारदर्शी र निष्पक्ष मान्न सकिँदैन ।' त्यसैगरी, उनले प्रतिवेदनमा ओलीको प्रत्यक्ष संलग्नता स्पष्टरूपमा स्थापित नभएको तर्क पनि अघि सारे ।

क्रमशः पृष्ठ २ मा

### कसरी हुन्छ अनुसन्धान ?

ओली र लेखकलाई २३ भदौमा १९ जना नवयुवाको 'हेलचेक्र्याइँ गरी ज्यान मारेको' अभियोग लागेको छ । यही अभियोगमा दुवै जना पक्राउ परेका हुन् । दुवैविरुद्ध प्रहरीले मुलुकी फौजदारी संहिताको दफा १८१ र १८२ अनुसारको कसुरमा अनुसन्धान अघि बढाउने भएको छ । किनभने, यी दुई कसुरमा अनुसन्धान गरी कारबाही गर्न कार्की आयोगले सिफारिस गरेको थियो । सोही आधारमा पक्राउ परेका उनीहरूमाथि अनुसन्धान गर्न प्रारम्भिक चरणमा दुवै जनालाई जिल्ला अदालतमा उपस्थित गराई म्याद थप लिने प्रक्रिया सुरु गरिने छ । अदालतबाट म्याद स्वीकृत भएपछिमात्रै उनीहरूलाई थप दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीले पाउने छ ।

क्रमशः पृष्ठ २ मा

### प्रतिरोधमा एमाले, अन्य दलले के भने ?

**काठमाडौं (प्रस)–** नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखक जेन-जी विद्रोहको क्रममा २३ भदौमा १९ जना युवा मारिएको घटनामा अनुसन्धानका लागि पक्राउ परेपछि देशका प्रमुख राजनीतिक दलहरूले तीव्र प्रतिक्रिया जनाएका छन् । पक्राउपछि सडकमा तनाव देखिएको मात्रै छैन, दलहरूले पक्राउको कडा शब्दमा प्रतिवाद गरेका छन् ।  ओली-लेखक पक्राउ परेलगत्तै बसेको एमाले सचिवालय बैठकले दुवैको तत्काल रिहाइ माग गर्दै कानुनी तथा राजनीतिक रूपमा सशक्त प्रतिवाद गर्ने निर्णय गरेको छ । एमालेले सरकारले प्रतिशोध लिएर पक्राउ गरेको भन्दै देशव्यापी आन्दोलनको घोषणा गरेको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

वैदेशिक रोजगार क्षेत्रमा सुधारको आशा

# रास्वपाको वाचा पूरा गर्ने जिम्मेवारीमा श्रममन्त्री साह, यी हुन् चुनौती

■ **ममता थापा**

**काठमाडौं–** चुनावी घोषणापत्रमा आकर्षक कार्यक्रमहरू अघि सारेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) झण्डै दुईतिहाइ बहुमतसहित सत्तामा पुगेको छ । वैदेशिक रोजगार क्षेत्रका लागि रास्वपाले गरेका वाचाहरू आशालाग्दा छन् । तीनलाई यथार्थमा परिणत गर्ने जिम्मेवारी शुक्रबारमात्र नियुक्त भएका श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साहमाथि आएको छ । यो क्षेत्रलाई मर्यादित र व्यवस्थित बनाउने काम उत्तिकै चुनौतीपूर्ण हुने जानकारहरू बताउँछन् ।

रास्वपाले वैदेशिक रोजगारीमा जाने नागरिकको हित संरक्षण गर्न वैदेशिक रोजगार कम्पनीहरूलाई पारदर्शी, नियमसंगत र पूर्ण जवाफदेही बनाउने चुनावी वाचापत्रमा उल्लेख गरेको थियो । रोजगारीमा पठाउँदा हुने ठगी, अत्यधिक शुल्क अशुली र झूटा करार गर्ने प्रवृत्तिमाथि कडा कारबाही गर्ने बताइएको छ ।

उक्त पार्टीले विश्वव्यापी श्रमबजारमा आएको परिवर्तनलाई आत्मसात् गर्दै नेपालमै बसेर विदेशी रोजगारदाता, कम्पनी वा निकायमा लागि काम गर्न कानुनी तथा नीतिगत प्रबन्ध



मिलाउने, श्रम ऐन तथा सम्बन्धित कानुनमा संशोधन गरी 'रिमोट वर्क', 'डिजिटल रोजगारी' तथा सीमा पार सेवा निर्याततलाई वैधानिक मान्यता दिने घोषणा गरेको छ ।

रास्वपाको वाचापत्रमा मुलुकमै २५ लाख रोजगारी सिर्जना गर्ने भनिएको छ । यस्तो भएको अवस्थामा बाध्यात्मक वैदेशिक रोजगारी नियन्त्रण हुने बताइएको छ ।

क्रमशः पृष्ठ २ मा

### शोषणपूर्ण अभ्यास नियन्त्रण गर्नुपर्छः श्रमविद् नेपाल

श्रमविद् रामेश्वर नेपाल श्रमिक भर्ती प्रक्रियामा हुने शोषणपूर्ण अभ्यास वैदेशिक रोजगार क्षेत्रको ठूलो समस्याको रूपमा रहेको बताउँछन् । विगतमा कसैले पनि यसमा हस्तक्षेप गर्ने आँट नगरेकाले मन्त्री साहले सर्वप्रथम यसमा काम गर्नुपर्ने उनको सुझाव छ । 'भर्ती प्रक्रियामा हुने अब्युसिब र डिसेप्टिभ अभ्यासहरूलाई नियन्त्रण गर्ने कामबाट सुरु गर्नुहोस् । यसमा कसैले हिम्मत नै गरेनन्,' श्रमविद् नेपालले भने, 'नियम उल्लंघन गर्नेलाई सजाय नै दिनपर्छ । यसले ६० देखि ७०



प्रतिशत समस्या घटाउँछ ।'

साथै, नीति नियममा आवश्यक संशोधन गर्ने कामलाई प्राथमिकतामा राख्नुपर्ने उनले बताए । फ्रि-भिसाको प्रावधान श्रमिकको हितमा रहेकाले यसलाई खारेज नगर्न उनको सुझाव छ ।


क्रमशः पृष्ठ २ मा

### व्यवसायी आशावादी, भन्छन्– सहकार्यका लागि तयार छौं

नवनियुक्त श्रममन्त्रीप्रति व्यवसायीहरू आशावादी देखिएका छन् । बौद्धिक व्यक्तिले मन्त्रालयको जिम्मेवारी सम्हालेकोले वैदेशिक रोजगार क्षेत्रमा देखिएका समस्यालाई अध्ययन गरेर समाधान निकाल्ने उनीहरूको आशा छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव महेशकुमार बस्नेतले नवनियुक्त मन्त्री साहले सरोकारवालाको राय लिएर आवश्यक नीतिगत सुधारमा जोड दिनुपर्ने बताए । यो क्षेत्रलाई सुधार्न आफूहरू पनि सच्चिन तयार रहेको उनको भनाइ छ ।

'मन्त्रीज्यूले श्रमिक, व्यवसायी र यस क्षेत्रका विज्ञका कुरा सुनेर नीतिगत अप्ठ्यारालाई सुधार्नुहुन्छ भन्ने आशा छ । यो क्षेत्रका विभिन्न नीतिगत त्रुटि सच्याउन दफागत छलफल गर्न हामी तयार छौं,' उनले भने, 'जसमा पहिलो श्रमिकको लागत निर्धारण हो । हाम्रो कुरा नसुनियोस् तर श्रमिकको कुरा सुन्दिनपर्छ । हामी व्यवसायी पनि मर्यादित हुन आचारसंहितामा व्यापक संशोधन गरिरहेका छौं ।'

वैदेशिक रोजगारीमा संस्थागत माध्यमबाट जाने व्यवस्था मिलाएर अनधिकृत व्यक्तिले फैलाएको विकृति नियन्त्रण गर्नुपर्नेमा महासचिव बस्नेतले जोड दिए ।



महेशकुमार बस्नेत



हरिबहादुर पाण्डे



अख्तर हुसेन

क्रमशः पृष्ठ २ मा




पृष्ठ १ बाट क्रमश:

## ओली–लेखक...

'प्रतिवेदनले आदेश दिएको वा घटनास्थलमा उपस्थित रहेको ठहर गरेको छैन । यस्तो अवस्थामा लगाइएको दफा नै आकर्षित हुने अवस्था देखिँदैन,' उनी भन्छन् ।

ओली प्रधानमन्त्री हुँदा उनका कानुनी सल्लाहकारको रूपमा रहेका पूर्वमहान्यायाधिवक्ता रमेश बडालले पनि सरकारको निर्णयमाथि कानुनी प्रश्न उठाएका छन् । उनले सरासर प्रतिशोधको सन्देश जानेगरी सरकारले ओलीको पक्राउ गरेको टिप्पणी गरे । उनले कार्की आयोगको अनुसन्धानको एकपक्षीय भएको पनि दाबी गरे । 'केही व्यक्तिलाई तत्काल कारबाही गर्ने र केहीका लागि अध्ययन समिति बनाउने निर्णयले अनुसन्धान निष्पक्ष देखिँदैन,' उनले भने, 'यसले प्रतिशोधको सन्देश दिन्छ ।'

यता, केही कानुनविद्हरू भने सरकारले अनुसन्धानका लागि आवश्यक प्रक्रिया अघि बढाएको तर्क गर्छन् । वरिष्ठ अधिवक्ता रामप्रसाद श्रेष्ठले जाँचबुझ प्रतिवेदन र प्रारम्भिक प्रमाणका आधारमा अनुसन्धान सुरु गर्न मिल्ने बताउँछन् । तर, उनले सरकार अनावश्यक हतारोमा देखिएको भन्दै त्यसले प्रतिशोध साँधेको अर्थ लाग्ने बताए ।

'कानुनी कारबाही अघि बढाउन थप अनुसन्धान आवश्यक हुन्छ । त्यस आधारमा पक्राउ गर्दा कानुनी प्रश्न उठ्दैन । जुन हतारोमा पक्राउ गरेको देखियो, त्यसले प्रतिशोध झल्काउँछ, उच्च पदमा पुगेका व्यक्तिलाई पक्राउ नगरी पनि अनुसन्धान अघि बढाउन सकिन्थ्यो,' उनले भने ।

अधिवक्ता तथा महिला आयोगकी पूर्वसदस्य मोहना अन्सारीले भने ओली र लेखकको पक्राउको प्रक्रियामा कुनै कानुनी प्रश्न नउठ्ने बताइन् । जाँचबुझ आयोगको सिफारिस र मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्नु प्रहरीको दायित्व भएको भन्दै उनले ओली र लेखकको पक्राउमा कानुनी जटिलता ननिम्तिने तर्क गरिन् । उनले दमनकारी कोही कसैलाई बचाउन नहुने भन्दै त्यसो गरे फेरि विद्रोह हुन सक्ने चेतावनी दिइन् ।

'दमनकारीलाई बचाउने षड्यन्त्र कहीं कतैबाट नहोस् भन्नेमा हामी सचेत छौं । यदि यस्ता प्रयासहरू भएमा देशैभरि युवाहरू थप सशक्त र संघर्षमा उत्रिन बाध्य हुने छन्,' उनले शनिबार वक्तव्य जारी गरेर आफ्नो धारणा राखेकी छन् । कानुनी प्रक्रियाअनुसार प्रहरीले पक्राउपछि २४ घण्टाभित्र जिल्ला अदालतमा उपस्थित गराउनुपर्ने हुन्छ । सोहीअनुरूप आज (आइतबार) ओलीलाई जिल्ला अदालत काठमाडौंमा उपस्थित गराई म्याद थपको माग गर्ने तयारी गरिएको छ । संहिताअनुसार अनुसन्धानका लागि अधिकतम २५ दिनसम्म हिरासतमा राख्न पाइन्छ तर प्रत्येक चरणमा अदालतबाट म्याद थप स्वीकृत गराउनुपर्ने हुन्छ ।

यससँगै ओली पक्षले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको निवेदन दर्ता गर्ने तयारी गरेको छ । बन्दी प्रत्यक्षीकरण संविधानद्वारा प्रत्याभूत नागरिक अधिकार हो, जसले कसैलाई गैरकानुनीरूपमा थुनामा राखिएको छ कि छैन भन्ने विषयमा अदालतले तत्काल परीक्षण गर्न सक्ने व्यवस्था गर्दछ । भट्टराईका अनुसार यदि पक्राउ प्रक्रियामा कानुनी त्रुटि पुष्टि भयो भने सर्वोच्च अदालतले तत्काल रिहा गर्न आदेश दिन सक्छ । उनले आइतबार निवेदन दर्ता हुने र त्यसपछि पेसी तोकिने जानकारी दिए ।

राजनीतिक वृत्तमा पनि यो घटनाले तरंग सिर्जना गरेको छ । नेकपा एमाले र कांग्रेसनिकट कानुन व्यवसायीहरूले संयुक्तरूपमा सर्वोच्च अदालत जानेबारे छलफल गरिरहेका छन् । उनीहरूले पक्राउलाई 'राजनीतिक पूर्वाग्रहबाट प्रेरित' भएको आरोप लगाएका छन् । यद्यपि, सरकारपक्षका केही व्यक्तिहरूले भने आयोगको प्रतिवेदन कार्यान्वयन गर्नु दायित्व भएको तर्क गरेका छन् । उनीहरूका अनुसार कानुनअनुसार प्राप्त निष्कर्षका आधारमा अनुसन्धान अघि बढाउनु स्वाभाविक प्रक्रिया हो ।

अब यो प्रकरणको मुख्य निर्णय न्यायालयबाटै हुने देखिन्छ । जिल्ला अदालतले म्याद थपबारे निर्णय गर्ने छ भने सर्वोच्च अदालतले पक्राउको वैधानिकतामाथि प्रारम्भिक सुनुवाइ गर्ने छ । यी दुवै प्रक्रियाबाट आउने आदेशले ओलीको हिरासतको अवस्था र आगामी अनुसन्धानको दिशा निर्धारण गर्ने छ ।

यसरी, ओलीसँगै उनका सरकारका गृहमन्त्री लेखकको पक्राउ केवल एउटा कानुनी कारबाहीमा सीमित नरही राज्यका निकायबीचको शक्ति सन्तुलन, विधिको शासन र राजनीतिक निष्पक्षताको परीक्षणको विषय बनेको छ । अब अदालतको निर्णयले यस प्रकरणलाई स्पष्ट मार्ग दिने ठानिएको छ ।

यसबीच शनिबार बिहान पक्राउ पर्दै गर्दा ओली र लेखक दुवैले राजनीतिकसँगै कानुनी प्रतिवाद गर्ने बताएका थिए । पक्राउपछि पूर्वप्रधानमन्त्री ओली महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालमा भर्ना भएका छन् भने पूर्वगृहमन्त्री लेखकलाई प्रहरीको दुई नम्बर गण महाराजगञ्जमा राखिएको प्रहरीले जानकारी दिएको छ ।

■■■

## कसरी हुन्छ...

अनुसन्धानका क्रममा प्रहरीले जेन–जी विद्रोहको पहिलो दिन २३ भदौमा भएका घटनाक्रम, आदेशको शृंखला, सुरक्षा निकायको परिचालन र त्यसबाट उत्पन्न क्षतिको विश्लेषण गर्ने छ । विशेषगरी आन्दोलनका क्रममा प्रयोग गरिएका बल प्रयोगका उपाय, त्यसको निर्देशन कसले र कसरी दिएको थियो भन्ने विषय केन्द्रीय रूपमा हेरिने एक जना उच्च प्रहरी अधिकारीले बताए ।

उनका अनुसार मुलुकी अपराधसंहिता २०७४ को दफा १८१ र १८२ अन्तर्गत अनुसन्धान अघि बढाइने भएकाले अभियुक्तको प्रत्यक्ष संलग्नतामात्र होइन, लापरवाही वा बेवास्ताका कारण भएको क्षतिको जिम्मेवारीसमेत स्थापित गर्नुपर्ने हुन्छ । यसका लागि घटनास्थलका भिडियो, सञ्चार अभिलेख, सुरक्षा निकायका आदेशपत्र, प्रत्यक्षदर्शीको बयान र घाइते तथा पीडितका विवरणहरू संकलन गरिने छ ।

यद्यपि, ओली र लेखक दुवैले आफूहरूमाथिको आरोप अस्वीकार गर्दै पक्राउलाई 'राजनीतिक प्रतिशोध' बताएका छन् । उनीहरूका कानुन व्यवसायीहरूले पनि प्रत्यक्ष संलग्नता प्रमाणित हुन नसक्ने दाबी गरेका छन् ।

कानुनविद्हरूका अनुसार यस्तो प्रकृतिको मुद्दामा अनुसन्धान जटिल र संवेदनशील हुने भएकाले पर्याप्त प्रमाण संकलन नगरी अभियोग दर्ता गर्न कठिन हुन्छ । प्रहरीले भने अनुसन्धान निष्पक्ष र प्रमाणमा आधारित हुने दाबी गरेको छ । प्रहरीको प्रारम्भिक अनुसन्धानपछि सरकारी वकिलको कार्यालयमार्फत मुद्दा दर्ता गर्ने वा नगर्ने निर्णय लिइने छ । यसरी, ओली र लेखकविरुद्धको अनुसन्धान अब प्रमाण संकलन, कानुनी परीक्षण र न्यायिक मूल्यांकनको प्रक्रियाबाट अघि बढ्ने देखिएको छ ।

■■■

## प्रतिरोधमा एमाले...

पार्टीसचिव महेश बस्नेतका अनुसार आज (आइतबार) १२ बजे देशभरका जिल्ला पार्टी कमिटीको आयोजनामा प्रमुख जिल्ला अधिकारीलाई विरोधपत्र बुझाइने छ । साथै लोकतन्त्र र कानुनी राज्यका पक्षधर सबै दलसँग सम्वाद र सहकार्य गरिने उनले बताए । एमालेले ओली–लेखकको पक्राउ कदमलाई लोकतन्त्रमाथिको आक्रमण र राजनीतिक प्रतिशोधको रूपमा व्याख्या गरेको छ ।

नेपाली कांग्रेसले सरकारको कदमलाई 'सेलेक्टिभ' भएको निष्कर्ष निकालेको छ । शनिबार आयोजित संसदीय सचेतना कार्यक्रमपछि जारी विज्ञप्तिमा भनिएको छ, 'आयोगले सिफारिस गरेका व्यक्ति र निकायमध्ये सुरक्षा संयन्त्रका हकमा अध्ययन समिति गठन गर्ने तर अन्यमा हकमा तत्काल कार्यान्वयन गर्ने निर्णय गर्नु र हतारमा पक्राउ गर्नुले एउटै घटना, एउटै प्रतिवेदन, एउटै सिफारिसमा पनि सरकारको व्यवहार सेलेक्टिभ देखिन्छ ।'

कांग्रेसको देउवा समूहले छुट्टै विज्ञप्ति निकाल्दै यस घटनालाई प्रतिशोधपूर्ण कदम भनेको छ । संवैधानिक, कानुनी र राजनीतिकरूपमा प्रतिवाद गर्ने विज्ञप्तिमा उल्लेख छ । कार्यवाहक सभापति पूर्णबहादुर खड्काले आगामी परिस्थितिका लागि पार्टीका नेता–कार्यकर्तालाई तयार रहन अपिल गरेका छन् ।

पुष्पकमल दाहाल संयोजक रहेको नेपाली कम्युनिस्ट पार्टीले कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्दा विधिसम्मत प्रक्रिया र निष्पक्षता सुनिश्चित गर्न सरकारलाई आग्रह गरेको छ । शनिबार जारी विज्ञप्तिमा भनिएको छ, 'हामी कुनै पनि कदम चाल्दा सरकारले विधिको शासन, कानुनी प्रक्रिया र निष्पक्षताको मान्यता उल्लंघन नगरोस् । राजनीतिक पूर्वाग्रह राख्ने तथा द्वन्द्व सिर्जना हुने कार्य नहोस् ।'

राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता कमल थापाले वर्तमान सरकार प्रतिशोध र पूर्वाग्रहको बाटोमा लागेको टिप्पणी गरेका छन् । उनले सामाजिक सञ्जालमा भनेका छन्, 'सुशासन र आर्थिक समृद्धिको लक्ष्यसहित गठन भएको बालेन्द्र सरकार निषेध, प्रतिशोध र पूर्वाग्रहको बाटोमा लागेको देखिन्छ । वर्तमान समयमा द्वन्द्व र मुठभेड कसैको प्राथमिकता हुनु हुँदैन । कानुनी राज्यको पालना, आपसी मेलमिलाप र एकता नै पहिलो सर्त हो ।'

श्रम संस्कृति पार्टीका अध्यक्ष तथा प्रतिनिधिसभा सदस्य हर्क साम्पाङले पनि घटनालाई प्रतिशोधको राजनीति भएको टिप्पणी गरेका छन् । उनले भने, 'अब हुने भनेको आन्दोलन, आन्दोलन अनि आन्दोलन मात्र हो । प्रगतिको राजनीति श्रम संस्कृतिमात्रै हो । यस्तै प्रतिशोध भइरहन्छ ।'

पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीले ओली–लेखकको पक्राउलाई 'अपरिपक्व निर्णय' भनेकी छन् । उनले यस्तो निर्णय फिर्ता लिन आग्रह गरेकी छन् ।

■■■

## बालेन्द्र सरकारको...

योजनासमेत कार्यसूचीमा समेटिएको छ । यसैगरी भ्रष्टाचार र दण्डहीनता अन्त्यका सरकार कठोर बन्ने संकेत गरेको छ । कार्यसूचीमा २०४८ सालयता हालसम्म सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक पदाधिकारी र उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति छानबिन गर्ने विषयले उक्त संकेत गरेको हो । यसका लागि १५ दिनभित्र एक अधिकारसम्पन्न 'सम्पत्ति छानबिन समिति' गठन गरिने भएको छ । यस्तै, राष्ट्र बैंकले १०० दिनभित्र बैंक खाता र सेयर लगानीसमेत समेट्ने 'एकीकृत डिजिटल सम्पत्ति लगत' तयार गर्ने कार्यसूचीमा बताइएको छ ।

सोही कार्यसूचीमार्फत सरकारले दलित तथा ऐतिहासिक रूपमा बहिष्कृत समुदायमाथि भएका अन्यायप्रति राज्यको तर्फबाट १५ दिनभित्र औपचारिक क्षमायाचना गर्ने र सुधारका कार्यक्रम ल्याउने प्रतिबद्धता जनाएको छ । गत भदौमा भएको जेन–जी आन्दोलनका सहिद परिवार र घाइतेहरूका लागि १०० दिनभित्र रोजगारी र पुनर्स्थापनाको विशेष प्याकेज कार्यान्वयन गरिने कार्यसूचीमा उल्लेख छ । साथै, भदौ २४ गतेको घटनाबारे सत्यतथ्य छानबिन गर्न एक हप्ताभित्र उच्चस्तरीय छानबिन समिति बनाउने भएको छ ।

यसैगरी, शिक्षा क्षेत्रलाई दलीय हस्तक्षेपमुक्त बनाउन विद्यालय र विश्वविद्यालयबाट दलीय विद्यार्थी संगठनका संरचना ९० दिनभित्र हटाउने योजनासमेत कार्यसूचीमा समेटिएको छ । स्वास्थ्य क्षेत्रमा विपन्नको पहुँच पुर्याउन सरकारी र निजी अस्पतालका १० प्रतिशत शयया निःशुल्क उपलब्ध गराउने व्यवस्थालाई कडाइका साथ लागू गरिने, महिलाहरूको सुरक्षित यात्राका लागि सातै प्रदेशमा निःशुल्क 'ब्लु बस' सेवा सञ्चालन गरिने बताइएको छ ।

सरकारले 'एउटा विवरण एकपटक मात्र' बुझाउने सिद्धान्तका आधारमा 'राष्ट्रिय डेटा एक्सचेन्ज प्लेटफर्म' १०० दिनभित्र सुरु गर्ने घोषणासमेत गरेको छ । हुलाक सेवालाई आधुनिकीकरण गरी राहदानी र लाइसेन्सजस्ता कागजात घरमै पुर्याउने 'गभर्मेन्ट कुरियर सर्भिस'का रूपमा विकास गरिने कार्यसूचीमा उल्लेख छ ।

यस कार्यसूचीको प्रभावकारी कार्यान्वयनका लागि प्रधानमन्त्री कार्यालयमा 'पुनर्संरचना व्यवस्थापन सचिवालय' र 'प्रधानमन्त्री कार्यसम्पादन एकाइ' स्थापना गरिने भएको छ । यो योजनाले जनविश्वास पुनर्स्थापित गर्ने र मुलुकलाई सुशासनको मार्गमा डोर्याउने विश्वास सरकारले लिएको छ ।

■■■

## रास्वपाको वाचा...

वैदेशिक रोजगारीमा गएर रेमिटयान्स भित्र्याउने श्रमिकलाई सरकारी स्वास्थ्य, शिक्षा र अन्य सामाजिक सेवामा सहुलियतको व्यवस्थालगायत विभिन्न योजना अघि सारिएको छ ।

रास्वपा आफूले बाँडेका चुनावी सपना पूरा गर्ने ठाउँमा पुगेको छ । यी वाचा पूरा भएको अवस्थामा रोजगारीमा जाने श्रमिक पाइलैपिच्छे हुने ठगीबाट मुक्त हुने छन् । इजाजत प्राप्त संस्थाले तोकिएको शुल्कमात्र लिएर जवाफदेहिताका साथ काम गर्नुपर्ने छ । श्रमिकलाई स्वास्थ्य परीक्षण, अभिमुखीकरण, श्रम स्वीकृतिलगायतका नाममा हुने असुविधा, ठगीजस्ता समस्या हटेर जाने छन् । साथै, नेपालबाटै डिजिटल रोजगारीमासमेत ठूलो फड्को मार्न सकिने छ । तर स्वास्थ्य क्षेत्रका विज्ञ नवनियुक्त मन्त्री साहलाई यो क्षेत्र बुझेर आवश्यक नीतिगत सुधारदेखि विभिन्न स्वार्थ समूहको चलखेलबाट बचेर काम गर्नु सजिलो भने छैन ।

■■■

## शोषणपूर्ण...

'नयाँ सरकारको प्राथमिकतामा केही कानुन तथा नीतिहरू परिवर्तन गर्नुपर्ने छ । भएका फ्रि–भिसा, फ्रि–टिकटलगायतका प्रावधान लागू गर्नुपर्छ,' उनले भने, 'कतिले यसलाई बदल्छु भन्छन् । तर त्यसो नगर्नुहोस् । यो श्रमिकका लागि ल्याइएको पोलिसी हो ।'

श्रमिकहरूमाथि हुने ठगीसँग सम्बन्धित सूचनाहरू समुदायस्तरमै पुर्याउनुपर्ने श्रमविद् नेपालले बताए । श्रमिकलाई गुणस्तरीय स्वास्थ्य परीक्षण सेवा नदिने, पूर्वप्रस्थान अभिमुखीकरणलाई 'कर्मकाण्डी'मात्रै बनाउनेजस्ता प्रवृत्ति तत्कालै नियन्त्रण गर्नुपर्नेमा उनले जोड दिए । मन्त्री साहले यो क्षेत्रको भ्रष्टाचार तथा चलखेल बन्द गर्नुपर्ने उनले बताए । 'वैदेशिक रोजगार क्षेत्रमा व्यापक भ्रष्टाचार छ । पैसा खाएर श्रम स्वीकृति दिने, मागपत्र प्रमाणीकरण गर्नेदेखि कामदारसँग पनि काम मिलाइदिन्छु भनेर घुस खाने गरिन्छ । यसको मुहान बन्द गर्नुपर्छ,' उनले भने ।

श्रमविद् नेपालका अनुसार नयाँ सरकारले आवश्यक साधन स्रोत थपेर संस्थागत क्षमताको अभिवृद्धि गर्नुपर्ने छ । सहायताका लागि गएका श्रमिकमाथि विभिन्न निकायमा गरिने व्यवहारलाई परिवर्तन गर्न मन्त्रीले तत्काल निर्देशन दिनुपर्छ । ठगीलगायतका समस्यामा परेका श्रमिकलाई न्यायको द्रुत पहुँचको व्यवस्था गर्नुपर्ने पनि उनले बताए । 'वैदेशिक रोजगारजन्य कसुरलाई फौजदारी मानिएको छ । यसलाई संक्षिप्त कार्यविधि ऐन लगाइने भन्ने खालको हो,' श्रमविद् नेपालले भने, 'तर २०५९ सालदेखि ३६ हजार उजुरी जम्मा हुनुमा न्यायको पहुँचमा अवरोध भएर हो । अब नयाँ आएका कसुरलाई छ महिनाभित्र न्याय निरूपणको व्यवस्था गर्नुपर्यो ।'

मुलुकको कमजोर श्रम कूटनीतिका कारण श्रमिकले दुःख पाइरहेकाले यसलाई बलियो बनाउने काममा सरकारको ध्यान जानुपर्ने श्रमविद् नेपालले बताए । त्यसैगरी, युद्धका कारण खाडी क्षेत्रमा समस्यामा परेकाको उद्धार र द्वन्द्व थप चर्किए के गर्ने भन्ने तयारीमा तत्काल जुट्नुपर्ने उनको सुझाव छ ।

■■■

## व्यवसायी...

पछिल्लो समय रोजगारीका नाममा भइरहेको व्यक्तिगत ठगीको अपजस पनि व्यवसायीले बोक्नुपरेको उनको गुनासो छ । वैदेशिक रोजगार व्यवसायी एकता समितिका अध्यक्ष तथा संघका सल्लाहकार हरिबहादुर पाण्डेले रास्वपाले चुनावी घोषणापत्रमा गरेका वाचा पूरा गर्नुपर्ने बताए । वैदेशिक रोजगारमा भएका कामदारलाई स्वदेशमा ल्याउने, यहीँ उद्योग कलकारखाना खोल्नेजस्ता लक्ष्य पूरा गर्न जनताले भारी मत दिएर पठाएकाले यसलाई बिर्सन नहुने उनको भनाइ छ । व्यवसायीको अनुभव नसुनी यो क्षेत्रको सुधारका हुन नसक्ने बताउँदै स्वार्थ समूहबाट बच्नुपर्ने पाण्डेको सुझाव छ ।

'यो क्षेत्रलाई व्यवस्थित बनाउन यो क्षेत्रमा २०औं वर्षको अनुभव भएका व्यवसायीका कुरा पनि सुन्नुपर्छ । हामीले दुई करोड रूपैयाँ धरौटी राखेका छौं । तर ब्याज पाएको छैन । त्यस्तै, सेवा शुल्कलगायत धेरै कुरा छन्,' उनले भने, 'नागरिक र सरकारले हामीलाई अवैधानिक काम गर्ने जसरी हेर्दै आएको छ । यो अवस्थाबाट बाहिर निस्कन हामी उहाँलाई सहयोग गर्न तयार छौं । मन्त्रीको कार्यकक्षमा स्वार्थ समूहको प्रवेशचाहिँ निषेध गर्नुपर्छ ।'

हालको मन्त्रीमण्डल शिक्षित भएकाले राम्रो काम गर्नेमा ओभरसिज इम्प्लोइमेन्ट प्रालिका सञ्चालक अख्तर हुसेन पनि आशावादी छन् । गन्तव्य मुलुकमा सहायता कक्ष, लागत निर्धारणका साथै व्यवसायीको रकम हुण्डीमार्फत बाहिरिरहेकाले यो नियन्त्रण गर्नेतर्फ ध्यान दिनुपर्ने उनको सुझाव छ ।

'पूरै मन्त्रीमण्डल पढे लेखेका छन् । पक्कै राम्रो काम गर्छन् । त्यहाँ गएका श्रमिकहरू शोषणमा पर्छन् । नियोगहरूमा गन्तव्य मुलुकका कानुनमा टेकेर कानुनी सहायता कक्ष निर्माण गर्नुपर्छ,' उनले भने, 'अर्को, फ्रि–भिसा फ्रि–टिकटको पुनर्विचार गर्नैपर्छ । यति भए नेपाली जनताको ठूलो भलो हुन्छ । तेस्रो, डिमाण्ड किन्नका लागि नेपालको ठूलो पैसा हुण्डीमार्फत विदेश गइरहेको छ । यसमा गृह मन्त्रालयसँग समन्वय गरेर निस्तेज पार्नुपर्छ ।'

त्यस्तै, स्वास्थ्य परीक्षणको नाममा श्रमिकहरूसँग मन लागेजति रकम उठाउने, अभिमुखीकरणको शुल्क वृद्धिलगायतका विषय श्रमिकसँग प्रत्यक्ष जोडिएकाले यसमा पनि काम गर्नुपर्ने व्यवसायी हुसेनले औंल्याए । वैदेशिक रोजगारीमा सबैभन्दा बढी तराई भेगका नागरिक जाने भएकाले उनीहरूको समस्यालाई मध्यनजर गर्दै मन्त्री साहले काम गर्ने उनको विश्वास छ ।

### बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति २०८२/१२/१५ गते*

यस **महादेवस्थान सा.व.उ.स.मरिण** गा.पा.३, सिन्धुलीबाट आ.व. २०८०/०८१ मा उत्पादन भई **भलायो चौर, मरिण गा.पा. ३, सिन्धुली**मा घाटगद्दि गरी राखिएको **लट नं.१ को साल** जातको गोलिया थान **५३** को ४७१.१९ **क्यू.फि** गोलिया काठको व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री महादेवस्थान सा.व.उ.स.**
**मरिण गा.पा.–३, सिन्धुली**

### S.L.C को सर्टीफिकेट हरायो

**मिति २०८२ /०९/२९ गते बाह्रबिसे देखि काठमाडौंसम्म जाँदा मेरो निम्न व्यहोरा राष्ट्रिय परीक्षा बोर्डबाट जारी भएको S.L.C को सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरी दिनु हुन अनुरोध गर्दछु ।**

**नाम : सुजल रोक्का**
**सिम्बोल नं : २२३००३५०**
**ठेगाना : सिन्धुपाल्चोक, सुनकोशी–७**
**सम्पर्क नं.९८१३२६३५१६/९८६६०१२९१४**

### बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति २०८२/१२/१५ गते*

यस **महाबौद्ध सा.व.उ.स.** मरिण गा.पा. ३, सिन्धुलीबाट आ.व. २०८०/०८१ मा उत्पादन भई **मिर्के भैरु चौर, मरिण गा.पा. ३, सिन्धुली**मा घाटगद्दि गरी राखिएको लट नं. १ को साल जातको गोलिया थान **५१** को **६३५.४३ क्यू.फि** गोलिया काठको व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री महाबौद्ध सा.व.उ.स.**
**मरिण गा.पा.–३, सिन्धुली**

### डिभाईन होम केयर एण्ड डाइगोनोष्टिक सेन्टर प्रा.लि.

### खारेज गर्ने सम्बन्धमा लिक्वीडेटरको सूचना

*प्रकाशित मिति २०८२/१२/१५ गते*

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७८/०६/१९ मा दर्ता भएको प्रा. लि.नं.२७४४०७ रहेको यस डिभाईन होम केयर एण्ड डाईगोनोष्टिक सेन्टर प्रा.लि. को शेयरधनीको मिति २०८२/१२/०८ मा बसेको सञ्चालक समितिको विशेष साधरणसभा बाट यस कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार कम्पनी खारेज (लिक्वीडेसन) मा लैजाने विशेष प्रस्ताव पारित भएकोले कम्पनी ऐन, २०६३ अर्न्तगत रहि कम्पनीको खारेजी (लिक्वीडेसन) प्रक्रिया शुरु गरिएको छ । तसर्थ कम्पनीले तिर्न व्यहोर्न पर्ने ऋण, धन, अन्य दायित्व एवं कोही कसैसँग कुनै लेनदेन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र तल उल्लेखितलिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गरि बाँकी रहेको जायजेथा कम्पनीका शेयरधनीलाई बाँडिने हुनाले तोकिएको म्याद भित्र दावी नगरिएमा पछि कसैको कुनै प्रकारको दावी नलाग्ने व्यहोरा समेत सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**लिक्वीडेटरको कार्यालय**
**अधिवक्ता श्रवण कुमार श्रेष्ठ**
**दामासाही व्यवसायी इजाजतपत्र नं.४०४**
**लिक्वीडेटरको कार्यालय, बबरमहल, काठमाडौं ।**

## Bateshwor Rural Municipality

## Office of Rural Municipal Executive

**Bateshwor, Dhanusha**

**Madhesh pradesh, Nepal**

## Invitation for Sealed Quatation only electronic bids

**Date of publication: (2082-12-15) 29-March-2026**

1. Bateshwor Rural Municipality invites only electronic bids from nepalese eligible bidders for following projects under bids procedures visit://bolpatra.gov.np/egpbateshwormun@gmail.com,9854060412
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Bateshwor Rural Municipality Office of Rural Municipal Executive Bateshwor, Dhanush or may visit PPMO website www.gov.np/egp

| S.N. | Contract ID No:- | Descriptions of works | Bid validity period | Estimated Amount with VAT & PS | Bid bond Amount | Non refundable fee | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | BRM/SQ/Works/ 03/2082/2083 | Ward no. 3 ko Devki Namuna Bidhalay ko 8 kothe adhuro bhawan nirman | 45days | Rs.1948491.76 | Rs.50000 | Rs.1000 | |
| 2 | BRM/SQ/Works/ 04/2082/2083 | Samaj Samudayik Bhawan Nirman, Ward no.4 | 45days | Rs.1948467.12 | Rs.50000 | Rs.1000 | |

**Chief Administrative Officer**



**जीवित देवी कुमारी** | जीवित देवी कुमारी शनिबार कुमारी घर वसन्तपुरबाट विभिन्न बाजागाजासहित जात्रा गरी वसन्तपुर, झोछें हुँदै लगनटोलस्थित वर्षा र सहकालका देवता सेतो मच्छिन्द्रनाथको दर्शनका लागि लगिँदै । *तस्बिरः रासस*

# जुरी मेट्रिक रिसर्चका लागि त्रिभुवन विश्वविद्यालयसँग सहकार्य

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले 'उत्तर विधायिकी परीक्षण' र 'जुरी मेट्रिक रिसर्च'का लागि त्रिभुवन विश्वविद्यालयको कानुन संकाय डीनको कार्यालयसँग सम्झौता गरेको छ ।

कामपाकी कार्यवाहक प्रमुख सुनिता डंगोलको रोहवरमा कामपाका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईं र त्रिभुवन विश्वविद्यालयको कानुन संकायका डीन प्रा.डा. डिएन पराजुलीबीच सम्झौता भएको हो । स्थानीय कानुन तर्जुमा, विद्यमान कानुनको पुनरवलोकन, स्थानीय न्याय सम्पादन, स्थानीय शासन तथा कानुनी शासन प्रवर्द्धन गर्न सम्झौता गरेको कामपाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले जानकारी दिइन् ।

कार्यवाहक प्रमुख डंगोलले भनिन्, 'व्यक्ति परिवर्तनले कार्य प्रणालीले उतारचढाव भोग्नु नपरोस् । परीक्षण गर्दा वा अध्ययन गर्दा विधायिकी मनसाय र सामाजिक सम्बन्धलाई आधार बनाउनुहोला ।'

अध्ययन कामपामा हुने भए पनि यसको प्रभाव सबै स्थानीय तहलाई हुने र सिकाइ सबैका लागि काम लाग्ने हुने प्रमुख प्रशासकीय अधिकृत गुरागाईंले बताए । त्यस अवसरमा डीन प्रा.डा. पराजुलीले प्राज्ञिक कार्यका लागि कामपासँग सहकार्य गर्नु आर्थिक सहायता प्राप्त गर्नुमात्र नभई संघीयता कार्यान्वयनका क्रममा स्थानीय सरकारको कानुन तर्जुमा प्रक्रियामा सिर्जनात्मक सहयोग प्रदान गर्नु पनि भएको बताए ।

नगरसभाले हालसम्म जारी गरेका सबै ऐन र नगर कार्यपालिकाबाट जारी गरेका नियमावली, निर्देशिका र कार्यविधिहरूको कानुन कार्यान्वयन गर्ने सम्बद्ध विभाग र सरोवालाहरूसँग समेत छलफल गरी ती कानुनहरूको प्रभाव र प्रयोगको मूल्यांकन गरी आवश्यक संशोधन प्रस्तावको मस्यौदा तयार हुने छ ।

कानुन संकायका प्राध्यापक, विषयविज्ञ तथा विद्यावारिधि शोधार्थीहरूमार्फत कामपाका लागि कानुन तर्जुमा, विद्यमान कानुनको पुनरवलोकन, कानुन संशोधन प्रस्ताव (तीन महले) तयारी, स्थानीय न्याय सम्पादन, स्थानीय विवाद निरूपण, मेलमिलाप प्रवर्द्धन, न्यायिक समितिको क्षमता विकास, जुरी मेट्रिक रिसर्च, स्थानीय शासन तथा प्रशासनमा विधि र कानुनी शासनलाई थप संस्थागत गर्न आवश्यक नीति तथा अन्य कानुनी प्रबन्धहरूको अध्ययन अनुसन्धान हुने छ ।

कामपाले प्रवाह गर्ने कानुनी, न्यायिक तथा स्थानीय शासनसँग सम्बन्धित सेवालाई छिटो, छरितो र थप प्रभावकारी बनाउन जनप्रतिनिधि तथा कर्मचारीहरूलाई तालिम, अन्तर्क्रिया र अभिमुखीकरण, नमूना कागजातहरूको विकास गरिने पनि बताइएको छ । स्थानीय विवाद समाधान गर्ने क्रममा भएका मेलमिलाप, निर्णय, यसरी गरिएका निर्णयको कार्यान्वयन अवस्थालाई कम्तीमा पाँच जनाको समूहबाट जुरी मेट्रिक रिसर्च हुने छ । यो काम विद्यावारिधि गर्ने कानुनका शोधार्थीहरूले समेत काम गर्न सक्ने छन् ।

# सुरेश रजकको स्मृतिमा 'साहसिक टेलिभिजन पत्रकारिता पुरस्कार' घोषणा




■ प्रभाव संवाददाता

**काठमाडौं–** एभिन्युज खबर टेलिभिजनले स्वर्गीय सुरेश रजकको स्मृतिमा 'सहिद सुरेश रजक स्मृति साहसिक पत्रकारिता सम्मान' घोषणा गरेको छ । एभिन्युज खबरका पत्रकार रजकको हत्या भएको एक वर्ष पुगेको अवसरमा टेलिभिजनले उक्त सम्मान घोषणा गरिएको हो ।

२०८१ चैत १५ गते राजावादी समूहले तीनकुनेमा आयोजना गरेको आन्दोलनको भिडियो खिच्दै गर्दा पत्रकार रजकको हत्या भएको थियो । सुशीला कार्की नेतृत्वको सरकारले स्व. रजकलाई सहिद घोषणा गरेको थियो । एभिन्युज टेलिभिजनले रजकको हत्या घटनाको सत्यतथ्य छानबिन, दोषीलाई कारबाही र तीनकुनेमा सहिद रजकको प्रतिमा स्थापित गर्न सरकारसमक्ष माग गरेको छ ।

टेलिभिजनले सहिद रजकको सम्झनामा एक लाख रूपैयाँ राशिको 'सहिद सुरेश रजक स्मृति साहसिक टेलिभिजन पत्रकारिता पुरस्कार' घोषणा गरेको छ । उक्त पुरस्कार प्रत्येक वर्ष एक जना साहसिक टेलिभिजन पत्रकारलाई प्रदान गरिने शनिबार जारी प्रेस विज्ञप्तिमा उल्लेख छ । यो पुरस्कार प्रत्येक वर्ष असार महिनाको अन्तिम दिन एभिन्युज खबरको वार्षिकोत्सवको अवसरमा प्रदान गरिने जानकारी दिइएको छ ।

एभिन्युज खबरले २०८१ चैत १५ देखि २०८२ चैत १५ सम्म प्रसारण भएका साहसिक, अनुसन्धानमूलक जोखिम टेलिभिजन फिल्ड रिपोर्टहरू प्रस्तुत गर्ने पत्रकारहरूबाट दरखास्त आह्वानसमेत गरेको छ। पुरस्कारको निरन्तरताका लागि १० लाख रूपैयाँको अक्षयकोष स्थापना गरिएकोसमेत एभिन्युज खबरले जानकारी दिएको छ ।

# पौने १९ करोड अपचलन गर्ने सहकारी सञ्चालकविरुद्ध मुद्दा

**काभ्रेपलाञ्चोक–** सहकारीको १८ करोड ७६ लाख चार हजार रूपैयाँ अपचलन गरी बचतकर्ताको रकम फिर्ता नगरेपछि बनेपा नगरपालिका–७ स्थित पशुपति बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सञ्चालकविरुद्ध मुद्दा दर्ता गरिएको छ ।

१०३ बचतकर्ताद्वारा सहकारीका १७ सञ्चालकलगायत सम्बद्धविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालय काभ्रेपलाञ्चोकमार्फत जिल्ला अदालत धुलिखेलमा सहकारी ठगी अभियोगमा मुद्दा दर्ता गरिएको हो । बचतकर्ताको जम्मा रकम फिर्ता नगरेपछि पीडितहरूले दिएको किटानी जाहेरीका आधारमा जिल्ला सरकारी वकिल कार्यालय काभ्रेपलाञ्चोकले अभियोग दर्ता गराएको जनाइएको छ ।

जिल्ला न्यायाधिवक्ता टीकाभुषण घिमिरेका अनुसार दर्ता मुद्दामा अदालतबाट पक्राउ पुर्जी जारी भई पीडितको बचत रकम फिर्ता गराउन अभियोगमा माग गरिएको छ । आरोपित भने सबै फरार छन् । सहकारी ठगी अभियोगमा सहकारीका सञ्चालक समिति, कर्मचारी तथा पूर्वअध्यक्षहरूसमेत गरी १७ जना संलग्न भएको उल्लेख गरिएको छ ।

अभियोग दर्तामा सहकारीका अध्यक्ष भुम्लु गाउँपालिका घर भई बनेपा बस्ने ४३ वर्षीय पानबहादुर श्रेष्ठ, उपाध्यक्ष पनौती नपा–७ की ५१ वर्षीया विन्देश्वरी कायस्थ मधिकर्मी, प्रबन्ध निर्देशक एवं व्यवस्थापक भक्तपुर सूर्यविनायक नपा–८ का ३९ वर्षीय राजाराम सकुपायो, सञ्चालकहरू भक्तपुर सुर्यविनायक–८ कै ३९ वर्षीया लक्ष्मीकुमारी श्रेष्ठ, सिन्धुपाल्चोकका ३२ वर्षीय रुकेश श्रेष्ठ लेखाप्रमुख भक्तपुर सिपाडोल निवासी ३५ वर्षीया प्रमिला मानन्धर रहेका छन् ।

यस्तै ऋण अधिकृत बनेपा–९ का ३६ वर्षीय रामसुन्दर बस्नेत, सञ्चालकहरू बनेपा–४ का ४० वर्षीय जयगोपाल श्रेष्ठ, खानीखोला गाउँपालिका–६ का ४१ वर्षीय कृष्णप्रसाद घिमिरे र बनेपा–४८ का ३३ वर्षीय मनिष श्रेष्ठ, बजार अधिकृत बनेपा–७ का ३५ वर्षीय प्रदीप शाहीलगायत रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकले भने सहकारीबाट ऋण लिएर नतिर्ने ऋणीहरूलाई प्रहरीले आफूले लिएको ऋण तिर्न अनुरोध गर्दै आएको छ । प्रहरीले हालैमात्र उक्त पशुपति सहकारी बनेपा नपा–७ स्थित मुकुल बचत तथा ऋण सहकारी संस्थाबाट ऋण लिई नतिर्ने तथा सम्पर्कमा नआउने ऋणीलाई कारबाहीको दायरामा ल्याउनेसमेत चेतावनी दिएको थियो ।

जिल्लामा सञ्चालित करिब एक दर्जन सहकारीका सञ्चालकले हालसम्म बचतकर्ताको बचत रकम ठगी गरेको भन्दै प्रहरीकोमा उजुरी परेको छ । उजुरीमध्ये सहकारीको रकम अपचलन अभियोग लागेका २६ जना पक्राउ परेको जनाइएको छ । अभियोग लागेकामध्ये ६७ जना सहकारी सञ्चालक अझै फरारको सूचीमा रहेको प्रहरीले जनाएको छ । *रासस*

# जीर्ण भवनमा जोखिम मोलेर पठनपाठन गर्नुपर्ने बाध्यता हट्यो

**म्याग्दी–** म्याग्दीको अन्नपूर्ण गाउँपालिका–६ बिरौटामा रहेको मुक्तिपथ आधारभूत विद्यालयमा जीर्ण भवनमा जोखिम मोलेर पठनपाठन गराउनुपर्ने बाध्यता हटेको छ । चारकोठे नयाँ भवन निर्माण भएपछि तीन दशक पुरानो पानी चुहिने, पर्खाल चिरा परेको र भत्कने अवस्थामा रहेको जोखिमयुक्त भवनमा बसेर पठनपाठन गर्नुपर्ने विद्यार्थी शिक्षकको समस्या हटेको हो । कक्षा कोठा भवन बनेपछि सुरक्षित वातावरणमा सहजरूपमा पठनपाठन हुन थालेको विद्यालयकी प्रधानाध्यपक मैयाकुमारी बरुवालले बताइन् । 'यसअघि कक्षाकोठा भवन जीर्ण हुँदा डर त्रास थियो,' उनले भनिन्, 'सुरक्षित भवन बनेपछि सुरक्षित भएर ढुक्कसँग पठनपाठन गर्ने वातावरण सिर्जना भएको छ ।'

कक्षा ३ सम्मको पठनपाठन हुने उक्त विद्यालयमा हाल २२ जना विद्यार्थी रहेका छन् । अन्नपूर्ण गाउँपालिका र जर्मनको हिमालय 'फ्रेण्ड्स इभी'को आर्थिक सहयोगमा स्थानीय उपभोक्ताले श्रमदान गरेर चारकोठे कक्षाकोठा भवन बनाएका हुन् । कक्षाकोठाको साथै शौचालय पनि निर्माण भएको छ। *रासस*

सुदूरपश्चिम प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

## सेती प्रादेशिक अस्पताल

धनगढी, कैलाली, नेपाल

## बोलपत्र स्वीकृति गर्ने आशयको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/१२/१५ गते)**

यस अस्पतालले निम्नानुसारको कार्यका लागि निर्धारित मितिभित्र विद्युतीय खरिद प्रणालीमा दर्ता भएका बोलपत्रहरूको मूल्याङ्कनपछि न्युनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही रहेका तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (१) बमोजिम स्वीकृतिका लागि छनौट भएकोले सोही ऐनको दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | बोलपत्रको विवरण | सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (मुअकर सहित) |
|---|---|---|---|---|
| 1. | SPH/NCB/ Goods/04/082/83 | Procurement of Printing Items | Bhawani Chhapakhana, Birendranagar-6 Surkhet. | ४५,१७,२५९।७५ |

उदयपुरगढी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

उदयपुरगढी, उदयपुर

कोशी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८२/१२/१५ गते**

यस कार्यालयबाट मिति २०८२/१०/२९ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपसिलका सूचनामा रितपूर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्र सम्बन्धमा पहिलो चरणको प्राविधिक मूल्यांकनमा सफल भई आर्थिक प्रस्तावमा तपसिल बमोजिमको न्यूनतम मूल्यांकित बोलपत्र सारभूत रूपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ स्वीकृतिको लागि छनौट गर्ने आशयको सात (७) दिने सूचना सम्बन्धित बोलपत्रदाताहरूको जानकारीको लागि प्रकाशित गरिएको छ।

| क्र.स. | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक ने.रू. (VAT र PS सहित) |
|---|---|---|---|
| १ | URM/NCB/Works/08-2082/83, Construction of 2-storey 4 Room of Shree Ma.Vi.Jalkeni Ward No.04 | Royal Shining Star Construction Pvt.Ltd., Udayapurgadhi-8, Udayapur | रु ६६२७५१९.७६/-(अक्षेरुपी छयसट्ठी लाख सत्ताइस हजार पाँच सय उन्नाइस रुपैँया छयहत्तर पैसा मात्र) |
| १ | URM/NCB/Works/09-2082/83, Construction of 2-storey 4 Room of Shree Ma.Vi.Raatmate Ward No.03 | Kartik Nirman Sewa, Triyuga-8, Udayapur | रु ५९९९९९९.९९/- (अक्षेरुपी उनसट्ठी लाख उनान्सय हजार नौ सय उनान्सय रुपैँया र उनान्सय पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# न्यायको आवरणमा प्रतिशोधको छाया

नेपालको राजनीतिक इतिहासमा बालेन्द्र शाह नेतृत्वको मन्त्रिपरिषद्ले कार्यभार सम्हालेको २४ घण्टाभित्रै पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्ने निर्णयले देशको राजनीतिलाई तरंगित मात्र बनाएको छैन, विधिको शासनमाथि गम्भीर प्रश्नसमेत खडा गरेको छ । 'जेन–जी' आन्दोलनको सम्बन्धमा छानबिनका लागि गठित गौरीबहादुर कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने बहानामा जसरी 'जरुरी पक्राउ पुर्जी' जारी गरियो, त्यसले सरकारको मनसायमाथि शंका गर्ने पर्याप्त ठाउँ दिएको छ ।

कुनै पनि आयोगको प्रतिवेदन कार्यान्वयन हुनुपर्छ र दोषीले सजाय पाउनुपर्छ भन्नेमा दुईमत हुन सक्दैन । तर, न्याय सम्पादनको प्रक्रिया जति निष्पक्ष हुनुपर्छ, उति नै निष्पक्ष देखिनु पनि पर्छ । मुलुकी फौजदारी कार्यविधि संहिताअनुसार 'जरुरी पक्राउ पुर्जी' तब मात्र जारी गरिन्छ, जब अभियुक्त भाग्ने वा प्रमाण नष्ट गर्ने तत्काल खतरा हुन्छ । देशको पूर्वप्रधानमन्त्री र पूर्वगृहमन्त्रीजस्ता सार्वजनिक जीवनमा रहेका व्यक्तिहरूको हकमा यस्तो हतारो किन गरियो ? के उनीहरू भाग्ने सम्भावना थियो ? यो प्रश्नको चित्तबुझ्दो जवाफ नदिई गरिएको पक्राउले सरकार 'विधिको शासन' भन्दा पनि 'लोकप्रियतावाद' र 'राजनीतिक प्रतिशोध' बाट प्रेरित भएको सन्देश प्रवाह भएको छ ।

अझ गम्भीर विषय त यो छ कि जुन प्रतिवेदनलाई आधार बनाएर पक्राउ गरियो, त्यो प्रतिवेदन अहिलेसम्म औपचारिक रूपमा सार्वजनिक नै गरिएको छैन । प्रतिवेदनको वैधानिकता र त्यसमा उल्लेखित आरोपहरूको गम्भीरतामाथि कानुनी परीक्षण नै नगरी हतारमा कदम चाल्नुले सरकारलाई नै कानुनी अप्ठ्यारोमा पार्ने निश्चित छ । उच्च पदस्थ व्यक्तित्वहरूलाई पक्राउ नगरी पनि अनुसन्धान अगाडि बढाउन सकिने विकल्प हुँदाहुँदै अपनाइएको यो छोटो बाटोले लोकतान्त्रिक संस्थाहरू र कार्यपालिकाबीचको सन्तुलन बिगार्न सक्छ ।

सरकारको यो कदमले देशलाई थप राजनीतिक ध्रुवीकरण र द्वन्द्वतिर धकेल्ने जोखिम बढाएको छ । संसद्का ठूला दलहरूलाई चिढ्याएर र कानुनी प्रक्रिया मिचेर गरिने यस्ता निर्णयले अन्ततः बालेन्द्र सरकारको स्थिरता र विश्वसनीयतामाथि नै प्रश्न उठाउने छ । न्याय भावनाबाट होइन, प्रमाण र प्रक्रियाबाट निर्देशित हुनुपर्छ ।

तसर्थ, सरकारलाई हाम्रो सुझाव छ– न्यायका नाममा प्रतिशोधको राजनीति बन्द गरियोस् । अनुसन्धानलाई पूर्ण पारदर्शी बनाइयोस् र प्रतिवेदन सार्वजनिक गरी विधिको उचित प्रक्रिया पछ्याइयोस् । हतारमा गरिएको निर्णयले सिर्जना गर्ने राजनीतिक अस्थिरताको मूल्य लोकतन्त्रका लागि महँगो पर्न सक्छ । सरकारले लोकतान्त्रिक मूल्य र मान्यताको परिधिभित्र रहेर मात्र आफ्नो अधिकारको प्रयोग गर्नु नै आजको आवश्यकता हो ।

## श्रम सरोकार

# वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

राहदानी कम्पनी वा स्पोन्सरले राखेको बखत यसको म्याद सकिन सक्छ । यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउने । घरेलु कामदार महिलाहरूका मालिकले मोबाइल खोसेर लाने भएकोले लुकाएर राख्ने र मालिक नभएको बेलामा मात्र प्रयोग गर्ने । नेपाली दूतावास वा अन्य आवश्यक सम्पर्क नम्बरलाई मोबाइलबाहेक व्यक्तिगत डायरीमासमेत टिपोट गरेर राख्ने गर्नुहोस् ।

# बालेन्द्र सरकारसँग जनताको आशा



❑ दामोदर खनाल

हालै सम्पन्न निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले ऐतिहासिक मत पाएर नसोचेको सफलता हासिल गऱ्यो । यही कारण काठमाडौं महानगरपालिकाका पूर्वमेयर बालेन्द्र शाह र रास्वपाका सभापति रवि लामिछानेको सर्वत्र चर्चा छ । रास्वपाका सभापति रविको पार्टीप्रतिको समर्पण र बालेन्द्रको क्रेजकै कारण निर्वाचनमा रास्वपाले ऐतिहासिक सफलता पाएकोमा दुईमत छैन ।

स्वतन्त्ररूपमा निर्वाचन जितेर काठमाडौं महानगरको मेयर बनेका बालेन्द्रको काम गर्ने शैली धेरैलाई मन परेको थियो । तर दलीय नेतृत्व र गुटे राजनीतिमा लागेर राज्यको सम्पत्तिमा तर मार्दै आएकाहरूलाई उनको कार्यशैली पटक्कै मन परेको थिएन । २१ फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचन परिणामले जनता बालेन्द्रको पक्षमा रहेछन् भन्ने सत्य सावित गरेको छ । राम्रो काम गर्ने हो भने जनताले स्वःस्फूर्त साथ दिन्छन् । राम्रो काम गर्न कसैले कसैलाई छेकेको हुँदैन भन्ने प्रमाण पनि हो झापा पुगेर नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई करिब ४८ हजार मतान्तरले पराजित गर्नु । दुई महिना अघिमात्र रास्वपामा प्रवेश गरेका रास्वपाका वरिष्ठ नेता शाह पार्टीको संसदीय दलको नेता चुनिँदै शुक्रबार प्रधानमन्त्रीसमेत बन्न सफल भए ।

एक ३६ वर्षीय युवा साढे तीन वर्षको छोटो राजनीतिक यात्रामै मुलुकको प्रधानमन्त्री बन्छ भन्ने धेरैलाई पत्यार लागेको थिएन । बालेन्द्र प्रधानमन्त्री बन्नुमा रास्वपाका सभापति रविको ठूलो त्याग देखिन्छ । बालेन्द्र प्रधानमन्त्री बनेसँगै मुलुकमा नयाँ राजनीतिक अध्याय सुरु भएको छ । यो एउटा ऐतिहासिक अवसर हो । तर यो अवसरसँगै ठूलो चुनौती पनि छ । शुक्रबार प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेसँगै सरकारको चुनौती पनि थपिएको छ ।

मन्त्रीहरूले गरेका निर्णय पनि निकै महत्त्वपूर्ण हुने छन् । जुन निर्णय लागू हुन सक्नु नै रास्वपा पार्टीसँगै प्रधानमन्त्री बालेन्द्र र रविको पनि सफलता गासिने छ । निर्वाचनका बेला वाचापत्रमा उल्लेख गरिएका वाचाअनुसार काम भएमात्र जनताले चाहेको सुशासन र भ्रष्टाचार नियन्त्रणमा बल पुग्ने छ । यसबाट जनतालेसमेत राहत पाउने छन् ।

हुन त संघीय राजधानी काठमाडौंमा ठूला दलहरूको बाधा अड्चनका बाबजुद मेयर बालेन्द्रले गरेका केही कामहरूले जनताको मन जित्न पुग्यो र आज उनी छोटो राजनीतिक यात्रामा मुलुकको प्रधानमन्त्रीसम्म बन्न सफल भए । मेयर छँदा उनले बागमती करिडोर, न्युरोड, असन, बानेश्वर, तीनकुने, शंखमुललगायतका ठाउँहरू साँच्चै पहिलेकोभन्दा बदल्न सफल भएका थिए । सफासुग्घर, हरियाली, पुराना कला संस्कृतिको संरक्षण, सडक पेटीको खुलापनले काठमाडौंको शोभा बढाएको अनुभव धेरैलाई छ ।

पछिल्लो समय विश्व परिवेश नियाल्दा कतिपय मुलुकमा युवा नेतृत्वले मुलुकको शासन सत्ता सम्हालेर विकासमा छलाङ मार्दै सहजै छोटो समयमै नेतृत्व हस्तान्तरण गरेको भेटिन्छ । तर हाम्रो मुलुकमा तीन दशक बित्दा पनि एउटै नेतृत्वले सकी नसकी नेतृत्व गरिरहेको अवस्था थियो । जसले गर्दा अहिलेको नयाँ पिढीले खोजेको विश्व परिवेशको परिवर्तन हुन सकेको थिएन । पटक-पटक सत्तामा पुगेर असफल भएका ठूला राजनीतिक दलका शीर्ष नेतालाई जनताले यथार्थमा स्वीकार गरेको अवस्था थिएन । तर पनि उनीहरू गठबन्धन बनाउँदै सत्ता छोड्न सकिरहेका थिएनन् । हो, यो राजनीतिक परिपाटी अब तोडिएको छ । जनता स्वयं स्वतन्त्र बनेर रास्वपालाई काम गर्न सक्नेगरी मत दिएका छन् । तसर्थ यो सरकारलाई काम नगरी सुखै छैन ।

> “ नयाँ सरकारले नेपालभित्रै सम्भावनाको खोजी गरी स्पष्ट नीति नियम बनाएर रोजगारी र आम्दानी प्राप्त हुनेगरी अगाडि बढ्न जरूरी छ । सम्भावना नै सम्भावना भएको मुलुक राज्य सञ्चालकले चिन्न नसक्दा युवाहरु विदेसिने क्रम पनि बढ्दो छ । कृषि र पर्यटन क्षेत्रमा प्रशस्त सम्भावना र आधार भए पनि स्पष्ट योजनाको अभावमा स्वदेशमा केही गर्ने क्षमता भएका युवाहरूसमेत कामको खोजीमा विदेसिन बाध्य भएका हुन् । त्यसलाई रोक्न पनि यो सरकार यस्ता सवालमा गम्भीर हुन जरूरी छ ।

### जनअपेक्षाअनुसार सुशासन आवश्यक

यथार्थमा विगतको नेतृत्व मुलुक र जनताको हितका लागि काम गर्नेभन्दा पनि आफ्नै पालामा भएका विभिन्न विकृति, विसंगति, भ्रष्टाचार, विभिन्न काण्ड ढाकछोप र आरोप प्रत्यारोप गरेर आफ्नै कमीकमजोरी ढाकछोपमा लागेको अवस्था थियो । जसले आममानिसमा झनै दलीय नेतृत्व र जनप्रतिनिधिप्रति विश्वास घटाएको थियो । हो, बालेन्द्र सरकारले यस्तै कार्यलाई चिर्न सक्नु पर्दछ । हामीले अपेक्षा गरेको संघीय लोकतान्त्रिक गणतन्त्रअनुसार हिँड्न सक्नु पर्दछ ।

हालै सम्पन्न निर्वाचनमा रास्वपालाई जनताले ऐतिहासिक मत दिएर विजय गराएका कारण यो विजयले बालेन्द्र र रविलाई अवसर र चुनौती दुवै मिलेको छ । हामीले नयाँ राजनीतिक कोर्शको ३५ वर्षसम्ममा खासै परिवर्तनको अनुभूति गर्न सकेनौं । तर जति गर्न सकिन्थ्यो त्यति गर्न नसकेकोचाहिँ धेरैले अनुभूति गरेका छन् । यद्यपि नेपालका ठूला दल नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (तत्कालीन माओवादी)का शीर्ष भनिएका नेतृत्व राजनीतिक आन्दोलनमा सफल भए पनि सत्ता सञ्चालनका सवालमा चुक्दै गएको अनुभूति आमजनताले गर्दै आए पनि नेतृत्व वर्गले जनताको मनोभाव बुझ्न सकेनन् र सच्चिन चाहेनन् ।

केहीबाहेक राष्ट्रसेवक कर्मचारी पनि इमान्दार, कर्तव्यपरायण बन्न सकेको देखिएन । जसका कारण जनअपेक्षाअनुसार सुशासन कायम हुन सकेन । भ्रष्टाचार र बेथितिले जरा गाड्दै गए । मुलुक वास्तवमै नयाँ परिवेशमा जान नसक्दा जनतामा निराशा बढ्दै गयो । यसै सिलसिलामा मुलुकमा गत भदौ २३ र २४ गते जेन-जी आन्दोलन हुन पुग्यो । नयाँ नेपाल बनाउन त्याग र समर्पण देखाउन नसकेकोले यस्तो अवस्था आएको हो । तर सत्ता सञ्चालकहरू यसबारे अनभिज्ञजस्तै बनिरहे । मुलुकमा व्याप्त भ्रष्टाचार, आर्थिक अनियमितता र कालोबजारी नियन्त्रणका लागि नेतृत्व र कर्मचारीहरूको कार्यशैलीमा आमुल परिवर्तन आउन जरुरी भए पनि त्यो हुन सकेन ।

पछिल्लो समय अर्को डरलाग्दो पाटो भनेको मुलुकको बेथिति भ्रष्टाचार, अनियन्त्रित बजारकाबारे राजनीतिक दलका भ्रातृ संघ, संगठनसमेत मौन देखिए । हिजो सामान्य विषयमा पनि सडक तताउने संघ, संस्था, संगठन जनताले विभिन्न समस्यासँग जुधिरहँदा मौन बसिरहे ।

तत्कालीन सत्ता सञ्चालकहरूको बोली र व्यवहार एउटै नहुँदासम्म लक्ष्यमा पुग्न सकेनन् । नेपाली जनताले नयाँपनको अनुभूति गर्न पनि पाएनन् । उही नेता, उही कर्मचारी, पुरानै कार्यशैलीले हामीले कल्पना गरेको सिंहदरबारको अधिकार गाउँमा पुग्न सकेन । आम नागरिकमा निराशा बढ्दै गयो । गाउँ-गाउँका 'छोटे राजा'हरूको चुरीफुरी बढ्दै गयो जुन जनतालाई पटक्कै मन परेको थिएन । पञ्चायतमा भन्दा निकै गुणा बढी भ्रष्टाचार र बेथिति बढे । तर सरकार चलाउनेहरू यस्ता सवालमा गम्भीर हुन सकेनन् । खुसी त मात्र ७५३ पालिकाबाट फाइदा लुटेका तथा प्रदेश र संघीय सांसद, मन्त्री र उनका आसेपासे, ठेकेदार, परिवार, बिचौलियामात्र थिए । हो, यो सरकार यस्ता सवालबाट पाठ सिकेर अगाडि बढ्न जरुरी छ ।

राष्ट्रसेवक कर्मचारीले जुन रूपमा आफ्नो पदीय जिम्मेवारी बहन गरेर अगाडि बढ्नुपर्ने थियो त्यो गर्न नसक्दा मुलुकका अधिकांश सरकारी कार्यालयका काममा ढिलासुस्ती, अनियमितता र आर्थिक लेनदेनको पराकाष्ठा भोगी रहे । पुराना नेतामा नयाँ ऊर्जा, नयाँ सोच देखिएन । इतिहास भजाएर खाने परिपाटी रहिरहयो । नेतृत्वको असफलताले मुलुकले दुःख पाइरहेका कारण नयाँ पुस्ताबाट नेतृत्वको आवश्यकता महसुस हुन थाल्यो । यद्यपि पुराना तीन दशक राजनीतिको कोर्श सञ्चालन गरेका नेतृत्वले यो भावना बुझ्न सकेनन् । जसका कारण मुलुकमा अस्थिरता, अराजकता र भ्रष्टाचार बढिरहयो । त्यसैले वर्तमान रास्वपा सरकारले यावत् कुरा बुझेर सरकार चलाउन जरुरी छ ।

मालपोत, नापी, यातायात, कर, भन्सार, राजस्व, स्थानीय तहजस्ता कार्यालयका कर्मचारीहरूले आर्थिक लेनदेनको वातावरण नबन्दासम्म जनताको काममा आलटाल गर्ने, हुने कामलाई पनि अलमलाउने, भोलि-भोलि भन्नेजस्ता गुनासो सेवाग्राहीहरूले भोगिरहेका छन् । अझ राजस्व, कर कार्यालयका कर्मचारीहरू आफूले मागेको रकम नदिए हिसाबकिताब पटक्कै मिल्दैन भनेर जिकिर गरिरहने अवस्था छ । अब बालेन्द्र नेतृत्वको सरकारले यस्ता सवालमा तत्काल ध्यान दिएर जनतालाई सुशासनको अनुभूति गराउँदै आफूले निर्वाचनका बेला जारी गरेको वाचापत्रअनुसार काम गर्न जरुरी छ ।

नवनियुक्त अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले पदभार ग्रहणसँगै राजस्व अनुसन्धान विभागसहित १५ ऐन खारेज गर्ने पहिलो निर्णय गरेर राम्रो सुरूआत गरेका छन् । कर्मचारीका कारण कर छली, न्यून विजकीकरण, फर्जी भ्याट बिलजस्ता समस्या वर्षौंदेखिका रोग हुन् । यसबारे सरकार गम्भीर भएर अगाडि बढ्ने संकेत गरेको छ ।

### कारबाही नगर्दा भ्रष्टाचार बढ्दो

संसद्मा सांसद-मन्त्रीहरूले फाइल खोल्दिम, काण्डहरू सार्वजनिक गर्दिम भनेर तर्साउने अनि फाइल ढाकछोप गरेर पालैपालो भागबण्डा गरेर खाने प्रचलनको अन्त्य हुन आवश्यक छ । सरकारले नेताहरूको घर-घरमा रहेको कालो धन हिम्मतका साथ खोज्न आवश्यक छ । सुरुमा मात्र सात प्रदेशका सात जना नेता र सात जना उच्च पदस्थ कर्मचारीको सम्पत्ति छानबिन सुरु गरेर स्रोतविनाको सम्पत्ति छानबिन गर्ने हिम्मत गर्ने हो भने पनि भ्रष्टाचार न्यूनीकरणमा धेरै बल पुग्ने छ ।लोकतन्त्रका नाममा साँच्चै छाडातन्त्र र लुटतन्त्र मौलाएको अनभूति आमनागरिकले गरेका छन् । पुरानो मानसिकता बोकेका कर्मचारीहरूको पुरानै काम गर्ने शैलीबाट नयाँ नेपाल बन्न सक्दै सक्दैन । नयाँ जनप्रतिनिधिहरूले जनताले अपेक्षा गरेअनुसार सहज र सरल तरिकाले काम गर्न गराउन लाग्नैपर्छ । कर्मचारीलाई पनि प्रतिशोध नहुनेगरी हेरफेर गर्न सकेमात्र जनअपेक्षाअनुसार काम हुन सक्दछ ।

उता विश्वपरिवेश हेर्दा इरान र अमेरिका-इजरायलको युद्धले विश्वमै प्रभाव पारेको अवस्था छ । यसको प्रभावका नेपालमा पनि परिसकेको छ । तसर्थ नयाँ सरकारले नेपालभित्रै सम्भावनाको खोजी गरी स्पष्ट नीति नियम बनाएर रोजगारी र आम्दानी प्राप्त हुनेगरी अगाडि बढ्न जरुरी छ । सम्भावना नै सम्भावना भएको मुलुक राज्य सञ्चालकले चिन्न नसक्दा युवाहरू विदेसिने क्रम पनि बढ्दो छ । कृषि र पर्यटन क्षेत्रमा प्रशस्त सम्भावना र आधार भए पनि स्पष्ट योजनाको अभावमा स्वदेशमा केही गर्ने क्षमता भएका युवाहरूसमेत कामको खोजीमा विदेसिन बाध्य भएका हुन् । त्यसलाई रोक्न पनि यो सरकार यस्ता सवालमा गम्भीर हुन जरुरी छ ।

मुलुकले भारतीय सिने कलाकार अनिल कपुरको फिल्म 'नायक' शैलीको परिणाममुखी काम खोजिरहेको अवस्था छ । प्रधानमन्त्री बालेन्द्र र रास्वपाका सभापति रविले सबैसँग विगतमा भएका तीता-पिरा घटनाहरू बिर्सिएर चट्टानी एकतासहित प्रतिशोधको भावना नलिई मुलुकको विकास निर्माणमा लाग्नु आजको आवश्यकता हो ।

## पाठक मञ्च

# युवा नेतृत्वको उदय र सुशासनको आशा

नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वमा गठित १५ सदस्यीय मन्त्रिपरिषद्को खबरले आम नेपाली नागरिकमा एक प्रकारको उत्साह र नयाँ आशा सञ्चार गरेको छ । दशकौंदेखि एउटै अनुहार र एउटै कार्यशैलीबाट थकित भएका नेपाली जनताका लागि ३६ वर्षीय युवाको हातमा देशको कार्यकारी डाडु-पन्यु पुग्नु आफैंमा ऐतिहासिक परिवर्तन हो ।

यो मन्त्रिपरिषद्का केही पक्षहरू विशेषरूपमा मननयोग्य छन् । पहिलो, विज्ञता र युवा शक्तिको सन्तुलन । अर्थतन्त्रको गहिरो ज्ञान भएका डा. स्वर्णिम वाग्ले, पूर्वाधार बुझेका सुनील लम्साल र कानुनी क्षेत्रमा दख्खल राख्ने सोबिता गौतमजस्ता पात्रहरूले 'काम गर्ने' सरकारको झल्को दिएका छन् । दोस्रो, समावेशिताको वास्तविक अभ्यास । इतिहासमै पहिलोपटक बादी समुदायबाट सीता बादीलाई मन्त्री बनाइनु र ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरिनुले 'नयाँ नेपाल' को नारालाई सार्थक बनाएको आभास हुन्छ ।

सबैभन्दा महत्त्वपूर्ण पक्ष त सरकारको पहिलो निर्णय नै बन्यो । भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा भएको घटनाको छानबिन गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय । यो निर्णय कार्यान्वयनमा पनि सरकार अगाडि बढेको छ र शुक्रबार बिहानै पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गरेर 'कानुनभन्दा माथि कोही छैन' भन्ने सन्देश दिएको छ ।

बालेन्द्र सरकारले प्रतिवेदन कार्यान्वयनमा लैजानु स्वागतयोग्य भए पनि यसका चुनौतीहरू कम छैनन् । प्रतिशोध लिएर ओली र लेखकलाई पक्राउ गरिएको भन्दै आलोचना र विरोध सुरु भइसकेको छ । त्यसैले नयाँ सरकारले कसैलाई पूर्वाग्रह राखेर भन्दा पनि प्रमाणका आधारमा न्याय सम्पादन गर्नुपर्छ । साथै, केवल ३६ वर्षको उमेरमा देशको बागडोर सम्हालेका प्रधानमन्त्री बालेनले 'स्टन्ट' भन्दा बढी 'डेलिभरी' मा ध्यान दिनु जरुरी छ ।

अन्त्यमा, यो सरकारसँग जनताको अपेक्षा हिजोका सरकारहरूभन्दा कयौं गुणा बढी छ । युवा बाहुल्य यो मन्त्रिपरिषद्ले भ्रष्टाचारको अन्त्य, सुशासनको प्रत्याभूति र आर्थिक समृद्धिको बाटोमा ठोस पाइला चालोस् । नयाँ सरकारलाई सफल कार्यकालको हार्दिक शुभकामना ।

- **शान्तकुमारी मगर**, जडीबुटी, काठमाडौं

## जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । *–संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**धम्म यात्रामा भिक्षु** | अखिल नेपाल भिक्षु महासंघ र थाई धर्मदूत इण्डिया–नेपालको संयुक्त आयोजनामा शनिबार भैरहवामा तेस्रो धम्मयात्रामा भिक्षुहरू । *तस्बिरः रासस*

# निजी छाडेर सामुदायिकमा विद्यार्थी, नमूना बन्दै पडरिया मावि

**सिरहा–** यहाँको लहान नगरपालिका-१२ पडरिया थारुटोलस्थित 'माध्यमिक विद्यालय पडरिया' थारुटोलले पछिल्लो समय शिक्षाको गुणस्तर र भौतिक पूर्वाधारमा उल्लेख्य प्रगति गर्दै नमूना विद्यालयका रूपमा आफूलाई उभ्याएको छ ।

करिब एक हजार विद्यार्थी अध्ययनरत यस विद्यालयमा पछिल्लो समय निजी विद्यालय छाडेर आउने विद्यार्थीको संख्या बढ्दो छ । पुराना विद्यालयमध्येको एक भएता पनि कुनै समय यो विद्यालय विद्यार्थी र अभिभावकको रोजाइमा पर्न छाडेको थियो । प्रधानाध्यापक मनोजकुमार यादवका अनुसार केही वर्ष अघिसम्म विद्यार्थी संख्या ५०० को हाराहारीमा थियो ।

दुई वर्षअघि प्रधानाध्यापकको जिम्मेवारी सम्हालेका यादवले समुदाय र नगरपालिकासँगको समन्वयमा विद्यालयको मुहार फेर्ने अभियान सुरु गरे । 'नगरप्रमुख महेशप्रसाद चौधरीको सकारात्मक सहयोग, दरबन्दी थप र अनुदान व्यवस्थापनले विद्यालयको स्तरोन्नति सम्भव भएको हो,' उनले भने ।

भौतिक संरचनातर्फ विद्यालयले छोटो समयमै ठूलो फड्को मारेको छ । २०८० फागुन २ गते राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत प्राप्त अनुदानबाट चारकोठे भवन निर्माण सम्पन्न भएको छ । संघीय सरकार र लहान नगरपालिकाको साझेदारीमा अर्को चारकोठे भवन निर्माण गरी गत मंसिरमा उद्घाटन भइसकेको छ ।

शुक्रबारमात्रै नगरप्रमुख चौधरीले ३२ लाख रूपैयाँ लागतमा निर्माण हुन लागेको दुईकोठे भवनको शिलान्यास गरे । नगरप्रमुख चौधरीले सामुदायिक विद्यालयको भौतिक पूर्वाधार सुधार, जनशक्ति व्यवस्थापन र शैक्षिक गुणस्तर अभिवृद्धिमा नगरपालिकाले विशेष ध्यान दिएको बताए । उनले भने, 'सामुदायिक विद्यालयको भौतिक पूर्वाधारमा आमूल सुधार नगरी गुणस्तरीय शिक्षाको परिकल्पना सम्भव छैन ।'

नगरप्रमुख चौधरीले 'एक कक्षा, एक शिक्षक' अवधारणा कार्यान्वयन गर्न नगरका ६० सामुदायिक विद्यालयमा १२५ जना नगर स्वयंसेवक शिक्षक परिचालन गरिएको तथा पठनपाठनलाई प्रभावकारी बनाउन विद्यार्थीहरूलाई आवश्यक शैक्षिक सामग्री उपलब्ध गराइएको जानकारी दिए । साथै, 'एक विद्यालय, एक कम्प्युटर' र 'एक कक्षाकोठा, एक पंखा' जस्ता कार्यक्रममार्फत आधारभूत सुविधामा लगानी बढाइएको पनि उल्लेख गरे ।

हाल नर्सरीदेखि कक्षा ९ सम्म अंग्रेजी माध्यममा २४५ छात्रछात्रा र बाल कक्षादेखि १२ सम्म नेपाली माध्यममा ७०० छात्रछात्रा अध्ययनरत छन् । लहान नगरपालिकाले यस वर्षदेखि सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई कापी, पेन्सिलजस्ता शैक्षिक सामग्रीसमेत सहयोग गर्दै आएको छ । विद्यालयमा हाल २२ जना शिक्षक कर्मचारी कार्यरत छन् । यद्यपि, माध्यमिक तहमामात्र एउटा दरबन्दी हुनु विद्यालयको मुख्य समस्या बनेको छ । 'प्राविका सात जना दरबन्दीले माविलाई धानिरहेका छौं, हामीले थप दरबन्दीको माग गरेका छौं,' प्रधानाध्यापक यादवले भने ।

वि.सं. २०१९ मा स्थापना भएको यस विद्यालयका पहिलो ब्याचका विद्यार्थी तथा हाल वडा नं १२ का वडाध्यक्ष बद्रीनारायण चौधरी विद्यालयको प्रगति देखेर हर्षित छन् । ७० वर्षीय चौधरीले भने, 'म यही विद्यालयको पहिलो ब्याचको विद्यार्थी हुँ । जुन माटोमा मैले कखरा सिकें, आज त्यही विद्यालयले यति ठूलो प्रगति गरेको देख्दा गर्व लाग्छ ।' नगरपालिकाले दलित तथा विपन्न विद्यार्थीका लागि छात्रवृत्ति र पोषण प्याकेजजस्ता कार्यक्रम सञ्चालन गरिरहेको छ । *रासस*

# गाउँकी छोरी मन्त्री बनेपछि जोनापुरमा खुसी

■ राजेन्द्रप्रसाद पनेरू




**कञ्चनपुर–** कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-३ स्थित जोनापुर गाउँमा यतिबेला उत्साह र खुसियालीको माहोल बनेको छ । आफ्नै गाउँको माटोमा जन्मेर हुर्किएकी गीता चौधरीले नेपाल सरकारको मन्त्रीमण्डलमा कृषि, पशुपन्छी विकास र वन तथा वातावरण मन्त्रालय सम्हाल्ने जिम्मेवारी पाएपछि स्थानीय बासिन्दामा नयाँ आशा पलाएको हो ।

दुर्गम ग्रामीण भेगबाट उठेर राज्यको नीतिनिर्माण गर्ने सर्वोच्च तहसम्म पुग्नुलाई जोनापुरवासीले सफलतामात्र नभई समग्र मुलुक र आफ्नो समुदायको गौरव र प्रतिष्ठाको विषय मानेका छन् । मन्त्री चौधरीको बाल्यकालदेखिको स्वभाव र समाजप्रतिको लगावलाई उनका निकटस्थहरूले आजको सफलताको मुख्य कडी मानेका छन् ।

उनका काका रामप्रसाद चौधरीका अनुसार, 'गीता सानैदेखि सामाजिक कार्यमा रुचि राख्थिन् । गाउँका सानातिना समस्या हुन् या सामूहिक काम सधैं अग्रपंक्तिमा रहेर न्यायिक कार्यसम्पादनमा केन्द्रित रहने उनको स्वभाव थियो ।' विभिन्न संघसंस्थामार्फत समाजसेवामा निरन्तर सक्रिय रहने गीताको बानीले आज राजनीतिमा यो उचाइ दिलाएको उनले बताए । आर्थिक अवस्था सामान्य रहे पनि आफ्नै मिहेनत र दृढ संकल्पले कानुनमा स्नातकोत्तरसम्म पढेकी चौधरीले राजधानी काठमाडौंमा गरेको राजनीतिक संघर्ष र निरन्तरताले उनलाई मन्त्री पदसम्म पुर्‍याएको गाउँले बुझाइ छ ।

स्थानीय अगुवा सुरेश चौधरीले मन्त्री गीतालाई बाल्यकालदेखि संघर्षशील र सहयोगी स्वभावको व्यक्तिका रूपमा चिनेको बताए । उनले भने, 'कसैलाई आपत्विपत पर्दा सधैं अघि सर्ने परोपकारी भावनाले उनलाई राजनीतिमा स्थापित गराएको हो ।'

नागरिक उन्मुक्ति पार्टीबाट आफ्नो औपचारिक राजनीतिक यात्रा आरम्भ गरेकी नवनियुक्त मन्त्री चौधरी गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट निर्वाचित भएकी हुन् । उनी अहिले मन्त्री बन्न सफल हुनुलाई यहाँका बासिन्दाले एउटा प्रेरणादायी र ऐतिहासिक यात्राका रूपमा लिएका छन् ।

जोनापुर गाउँका बासिन्दा मन्त्री चौधरीबाट ठूलो आशावादी देखिनुको मुख्य कारण उनले ग्रामीण समस्यालाई नजिकबाट भोग्नु र बुझ्नु भएको छ । कृषिमा आधारित जीवनशैली रहेको यस क्षेत्रका किसानहरू वर्षौंदेखि सिँचाइ, रासायनिक मल, उन्नत बीउबिजन र आधुनिक कृषि औजारको अभावमा रहँदै आएका छन् ।

स्थानीय भरतबहादुर चौधरीले यी समस्यासँग मन्त्री चौधरी पूर्णरूपमा जानकार भएकीले समस्या समाधानमा उनको पहल रहने विश्वास व्यक्त गरे । 'हामी कृषिमा अझै परनिर्भर छौं, खेती गर्ने समयमा मल पाइँदैन, उत्पादित वस्तुले उचित बजार पाउँदैनन्,' उनले भने, 'अब गाउँकी छोरी कृषिमन्त्री हुनुभएको छ, उहाँले आधुनिक खेती प्रणाली, अनुदान र किसान लक्षित तालिमको व्यवस्था गरी उत्पादन वृद्धि र आयात घटाउन ठोस् पहल गर्नुहुने छ भन्नेमा हामी विश्वस्त छौं ।'

स्थानीय चौधरीका अनुसार विशेषगरी कृषि उपकरणमा बढ्दो परनिर्भरता हटाउन र युवाहरूलाई कृषिमा आकर्षित गरी स्वरोजगारमा आबद्ध गराउन तालिम तथा सीप विकाससम्बन्धी कार्यक्रम कार्यान्वयनमा आउनेमा स्थानीयले भरोसा राखेका छन् । कृषिबाहेक वन र वातावरण मन्त्रालयको जिम्मेवारी उनकै काँधमा भएकाले शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने यस गाउँका बासिन्दाले वर्षौंदेखि जंगली जनावरको सास्तीबाट मुक्ति पाउने आशा गरेका उनले बताए ।

जंगली हात्ती, बाघ र चितुवाका कारण हुने जनधनको क्षति यहाँको मुख्य र दीर्घकालीन समस्याका रूपमा रहेका स्थानीय बताउँछन् । स्थानीय महेश महराले वन्यजन्तुको आक्रमणबाट घरगोठ भत्काउने, अन्नबाली नष्ट गर्ने, पशुचौपाया मारिने वर्षौंदेखिको समस्या अहिलेसम्म समाधान हुन नसकेको गुनासो गरे । उनले भने, 'अहिलेसम्म धेरै पटक यो पीडा सम्बन्धित निकायमा पुर्‍यायौं, तर ठोस् सुनुवाइ भएन । अब हाम्रै गाउँकी छोरी वनमन्त्री हुनुभएको छ, निकुञ्ज आसपासका बासिन्दाको सुरक्षाका लागि विद्युतीय तारबार, उज्यालो बत्ती र अन्य प्रभावकारी सुरक्षाका उपायहरू आगामी दिनमा कार्यान्वयन हुनेमा हामी ढुक्क छौं ।'

मानव-वन्यजन्तु द्वन्द्वको स्थायी समाधान गरी मानव र प्रकृतिबीचको सम्बन्ध सुधार्न मन्त्री चौधरीको भूमिका निर्णायक हुने अपेक्षा स्थानीयले गरेका छन् । ग्रामीण परिवेशबाट उठेर राष्ट्रिय राजनीतिमा आफ्नो सक्रिय उपस्थिति जनाएकी मन्त्री चौधरीप्रति जोनापुरबासीको आशा र भरोसा दुवै उच्च देखिएको छ । कृषिको व्यावसायीकरण र निकुञ्जको समस्या समाधानमार्फत ग्रामीण जीवनस्तर उकास्न उनी सफल हुनेमा यहाँका स्थानीयले विश्वास व्यक्त गरेका छन् । उनको सकारात्मक पहलमा सबैको साथ र समन्वय रहने स्थानीयले प्रतिबद्धता जनाएका छन् । *रासस*

# पहिचान, इतिहास र संस्कृतिको खोजमा राजवंशी ठाकुर समुदाय




**कञ्चनपुर–** थारु जातिभित्रको राजवंशी ठाकुर समुदायले आफ्नो भाषा, संस्कृति र इतिहासको संरक्षण तथा अनुसन्धानलाई प्राथमिकतामा राख्दै विभिन्न कार्यक्रम अघि बढाउने भएको छ । कृष्णपुर नगरपालिका-६ सिंगपुरमा शनिबार बिहान सम्पन्न समाजको तेस्रो जिल्ला सम्मेलनले समुदायको पहिचान सुदृढ गर्दै वंशावली अभिलेखीकरण, बसाइँसराइको इतिहास खोजी तथा सांस्कृतिक दस्तावेजीकरणमा जोड दिइएको हो ।

कार्यक्रममा राजवंशी ठाकुर समुदायको उत्पत्ति, परम्परा, संस्कार, पोसाक, पूजा-पद्धति तथा जीवनशैलीबारे अध्ययन र अनुसन्धान गर्ने विषयलाई विशेष महत्त्वकासाथ अगाडि बढाइने समाजका सचिव वीरबहादुर राजवंशीले बताए । 'भावी पुस्तामा भाषा, लोककथा, लोकगीत तथा सांस्कृतिक मूल्य मान्यतालाई हस्तान्तरण गर्ने योजनासमेत अघि सारेका छौं,' उनले भने, 'समुदायको उद्गमस्थल, घरानागत विवरण तथा बसाइँसराइका कारणहरू पहिचान गरी व्यवस्थित अभिलेखीकरण गर्ने र ती सामग्रीलाई औपचारिकरूपमा दस्तावेज तथा प्रकाशन गरी सार्वजनिक गर्ने तयारी गरेका छौं ।'

त्यस्तै, संगठनलाई सुदृढ बनाउँदै केन्द्रदेखि टोलस्तरसम्म संरचना विस्तार गर्ने, सदस्यता तथा आर्थिक स्रोत व्यवस्थापनलाई व्यवस्थित गर्नेलगायतका विषयमा पनि अधिवेशनमा छलफल गरिएको छ । कार्यक्रममा सहभागीहरूले राजवंशी ठाकुर समुदायको मौलिक पहिचान जोगाउन अनुसन्धान, अभिलेखीकरण र सांस्कृतिक संरक्षण अपरिहार्य रहेकोमा जोड दिएका छन् ।

'भाषा, संस्कृति र इतिहासको प्रवर्द्धन, राजवंशी ठाकुर समाजको तेस्रो जिल्ला सम्मेलन' भन्ने मूल नारासहित आयोजित अधिवेशनमा समुदायको पहिचान सुदृढ गर्दै वंशावली अभिलेखीकरण, बसाइँसराइको इतिहास खोजी तथा सांस्कृतिक दस्तावेजीकरण गर्ने निर्णय गरिएको समाजका अध्यक्ष जोगराम चौधरीले बताए । उनका अनुसार, अधिवेशनले संगठनलाई केन्द्रदेखि टोलस्तरसम्म विस्तार गर्ने, सदस्यता तथा नवीकरणमार्फत कोष सुदृढ गर्ने निर्णय गरेको छ । अधिवेशनमा समाजका बुद्धिजीवी, अनुसन्धानकर्ता, जनप्रतिनिधि तथा समाजका अगुवाहरूको सहभागिता रहेको थियो । *रासस*

**Government of Sudurpaschim Province**
**Ministry of Social Development**
**Directorate of Education Development**

## Social Development Office, Dadeldhura

## Invitation for Electronic Bids

**First Date of publication: 2026 -03- 29**

1. Social Development Office, Dadeldhura invites electronic bids through eGP-System from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedures.

| S.N. | Contract No. | Works Description | Bid Document Fee | Bid Validity | Bid Security and Validity |
|---|---|---|---|---|---|
| 1 | SDO/NCB/W/ 2082/41 | Janjyoti aa.bi. simalta sauchaalaya nirman parshuram-3 ---- Sarashwoti aa.bi. guptigada sauchaalaya nirman parshuram-8 ---- Kailapaal aa.bi. khelmaidan nirman gogan parshuram-1 | NRs. 3000.00 | 90 Day | NRs. 60000 Valid 120 Day |
| 2 | SDO/NCB/W/ 2082/42 | Tribeni bahumukhi campus hostel nirman, parshuram -12 | NRs. 3000.00 | 90 Day | NRs. 70000 Valid 120 Day |
| 3 | SDO/NCB/W/ 2082/43 | Manilek Aayurbedik Bhawan Nirman Nawadurga-2, Dadeldhura | NRs. 3000.00 | 90 Day | NRs. 50000 Valid 120 Day |
| 4 | SDO/NCB/W/ 2082/44 | Bhuwaneshwori Ma. Bi. Ganyapdhura-4 Jayasera Dadeldhura ( Compound Wall ) | NRs. 3000.00 | 90 Day | NRs. 100000 Valid 120 Day |
| 5 | SDO/NCB/W/ 2082/46 | Bhageshwor Ma.Bi. Parshuram 4, Dadeldhura (Overhead Water Tank + Building Maintenance Work ) | NRs. 3000.00 | 90 Day | NRs. 100000 Valid 120 Day |
| 6 | SDO/NCB/W/ 2082/45 | Ugrataara Bed Bidhya Aashram ( Toilet + wall + STRUCTURAL GLAZING) Amargadhi-8, Dadeldhura | NRs. 3000.00 | 90 Day | NRs. 50000 Valid 120 Day |

2. Last date & time of purchase & Bid Submission: 12:00 Hr (2026-04-27) and Bid Opening Date & Time: 12:30 Hr (2026-04-27)

2. Bank Details for Bid Document fee: - Bank: Rastriya Banijya Bank Ltd., Dadeldhura Barnch, Office: Social Development Office Dadeldhura, Office Code no.: 3500175027, Account no.: 1000100200010000, Rajaswa (revenue) Shirshak no.: 14229 and For Bid Security: - Account Name: Province Treasury Comptroller Unit, Dadeldhura Dharauti Account No: 4020100202030000

2. Eligible Bidders bids through www.bolpatra.gov.np/egp system and for more details, please visit PPMO website www.bolpatra.gov.np/egp or the office of Social Development Office, Dadeldhura, Email: sdo.dadeldhura@gmail.com Phone no.: 9858783232, 9848688556, 9748889595

# प्रभाव दैनिक

रूपशाला


## 'धुरन्धर २' को कमाई भारू हजार करोडभन्दा बढी

निर्देशक आदित्य धरको स्पाइ–एक्सन थ्रिलर फिल्म 'धुरन्धर २ : द रिभेन्ज' ले प्रदर्शनको पहिलो आठ दिनमै भारतीय सिनेमामा नयाँ इतिहास रचेको छ । यो फिल्म बिहीबार, मार्च १९ मा हलमा रिलिज भएको थियो । त्यसअघि मार्च १८ को साँझ पेड प्रिमियर शोसमेत राखिएको थियो । उक्त प्रिमियर शोबाटै रणवीर सिंह अभिनित यो सिक्वेलले रेकर्ड बनाउन सुरू गरेको थियो । अघिल्लो भाग 'धुरन्धर पार्ट १' ले ८६ दिनमा विश्वव्यापी रूपमा १,३०७ करोड भारू कमाएको थियो । तर 'धुरन्धर २' ले भने केवल ८ दिनमै विश्वभर १,०७९ करोड भारू कमाइसकेको छ । कमाइको गति यति तीव्र छ कि बक्स अफिसमा हरेक दिन नयाँ कीर्तिमान बनिरहेका छन् । बलिउड मात्र होइन, दक्षिण भारतीय फिल्मका पुराना रेकर्डसमेत यसले तोड्दै गएको छ ।




आइतबार, १५ चैत २०८२ (Sunday, 29 March 2026)


# 'परालको आगो' दोस्रो गीत 'दु:ख सुख जिन्दगानी'



■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी बैशाख ११ गतेबाट रिलिज हुने फिल्म 'परालको आगो'को दोस्रो गीत 'दु:ख सुख जिन्दगानी'रिलिज गरेको छ । शनिबार निर्माण टिमले प्रचारप्रसारको अर्को सामाग्रीका रूपमा दोस्रो गीत रिलिज गरेको हो ।

गीतमा प्रकाश सपुत र गायिका शान्तिश्री परियारले गाएका छन् । गायक प्रकाशकै शब्द तथा संगीत रहेको यस गीतलाई सुदिप सागरले गरेका छन् ।

यस गीतको भिडियोमा फिल्मका मुख्य कलाकार सुहाना थापा र प्रकाश सपुतलाई देख्न सकिन्छ । मायालु भावका प्रस्तुत भएका सुहाना र प्रकाशको जोडीलाई दर्शकले मन पराएका छन् । उनीहरूको यो पहिलो स्क्रिन सेयर हो ।

निर्माण टिमले फिल्मको प्रदर्शन मिति नजिकिदै जाँदा प्रचारप्रसारलाई व्यापक बनाउन थालेको छन् । यसअघि यो फिल्मको टिजर र फिल्ममा समावेश गीत पहिलो गीत 'उडी जाउँ भने,म पन्छी होइन' रिलिज गरिएको थियो । जुन गीत र टिजरलाई दर्शकले अत्यधिक म पराएका छन् । अब फिल्ममा समावेश दोस्रो गीतका रूपमा पछिल्लो समयका चर्चित गायक गायिका प्रकाश र शान्तीश्रीको आवाजमा रहेको गीत 'दु:ख सुख जिन्दगानी' रिलिज गरेको हो । यस गीतले पनि ग्रामिण भेगका युवा युवतीको माया र उनीहरूबीचको प्रेमलाई पर्दामा झल्काउँछ ।

लोकलयमा आधारित गीतले दर्शकको मन जित्ने देखिन्छ । गाउँमा भएको घाँस दाउरा, बाख्रा गोठालाको दृश्यलाई गीतको पर्दामा देखिन्छन् । जुन गीतमा एकदमै सुहाना र प्रकाशलाई सुहाउँदो देखिन्छ । ओएसआर युटुब च्यानलमार्फत रिलिज गरिएको यस गीतलाई दर्शकले सकरात्मक प्रतिक्रिया दिइरहेका छन् । यस फिल्मको गीतमा कोरियोग्राफी रामजी लामिछानेको छ भने फिल्मको निर्देशन लक्ष्मण सुनारले गरेका हुन् ।

गुरु प्रसाद मैनालीको अमर कृति 'परालको आगो'बाट प्रेरित यस फिल्ममा सुहाना थापा,सौगात मल्ल,प्रकाश सपुत,सिर्जना अधिकारी, किशोर भण्डारी, ज्याक श्रेष्ठ, सरिता भण्डारी, रेणु न्यौपाने र बाल कलाकार मन्जिला बानियाँ लगायतले अभिनय गरेका छन् ।

हरि ॐ सिने मेकर्स प्रा.लि.को ब्यानरमा निर्माण भएको यस फिल्मको निर्माातामा सुशील पोखरेल रहेका छन् । उनको लगानीमा बनेको यस फिल्मको पटकथा तथा संवाद सुशील देवकोटाको छ । उनी पुराना फिल्म लेखक तथा कलाकार समेत हुन् । संकल्प भुजेलको छायांकन,रामजी लामिछाने,मिलन श्रेष्ठको सम्पादन रहेको यस फिल्को रंग संयोजन कनाल कँवरको छ । यस फिल्मको पार्श्व संगीतमा किरण तुलाधर,संगीतमा शान्ति ठटाल,सत्य-स्वरूप आचार्य र प्रकाश सपुतले गरेका छन् । फिल्मका गीतका शब्द रचना मनबहादुर मुखिया, सुरेन्द्र राना र प्रकाश सपुतको शब्दको छ ।

यसै फिल्ममा कला निर्देशन प्रतिक चौधरी,मुख्य सहायक निर्देशकका रूपमा करण बहादुर साउद रहेका छन् । फिल्मको भिएफएक्समा समिर मिया र सत्यम रानाको छ भने टिजर तथा ट्रेलर सम्पादनको काम साहिल खानले गरेका छन् । फिल्मको मिक्सिङ मुकेश शाह,निर्माण संयोजन नगेन्द्र घिमिरेको छ । सुलभी पोखरेल र सत्यम पोखरेल निर्माता रहेको यस फिल्मको वितरण आर आर फिल्मसले गर्दैछ । साथै डिजिटल अधिकार ओएसआरले लिएको छ ।

गुरूप्रसाद मैनालीको 'नासो' कथा संग्रहमा समावेश कथा 'परालको आगो'को नाममा ४५ वर्षअघि प्रताप सुब्बाले पनि फिल्म निर्देशनमा निर्माण भएको थियो ।

# 'यानीमाया'को फर्स्टलुक रिलिज

■ प्रभाव संवाददाता


**काठमाडौं–** नेपाली फिल्म क्षेत्रका लोकप्रिय नायक पल शाह अब फिल्म निर्माणमा पनि अगाडि बढेका छन् । पल शाह फिल्मस्को प्रस्तुतिमा निर्माण हुन लागेको फिल्म 'यानीमाया: रिदम अफ लभ'को छायांकन केही समयमा नै सुरु हुँदैछ । यो फिल्मको छायांकन जेठको १ गतेबाट सुरु गर्ने तयारी निर्माणपक्षले गरेको छ ।

निर्माणपक्षले आज फिल्मको फस्टलुक सार्वजनिक गरेको छ । यो पोष्टरलाई ट्राइडेन्ट कन्सेप्टका रोयल भिमसेनले तयार पारेका हुन् । फिल्ममा नायक पल शाह र नव-नायिका अञ्जना मगरको जोडी पक्का भएको छ । पल र अञ्जनाले यसअघि म्यूजिक भिडियोमा काम गरेका छन् ।

यो फिल्मलाई ओम प्रतिकले निर्देशन गर्दैछन् । ओमले फिल्म 'मोहर'लाई निर्देशन गरेका थिए, जसमा नायक पल शाह मुख्य भूमिकामा थिए । यो फिल्मलाई दर्शकले निकै रुचाएका थिए ।

अब, ओम र पलले एउटै फिल्ममा फेरि टिमअप गरेका छन् । फिल्ममा पल शाह र चन्द्र ज्योती आलेको लगानी रहनेछ । 'यानीमाया'लाई 'प्रेमको धुन' भनिएको छ । यसैले, पनि यो फिल्म प्रेमको कथामा निर्माण हुन लागेको बुझ्न सकिन्छ ।

निर्माणपक्षले अन्य जानकारी विभिन्न चरणमा दिदै जाने बताएको छ । यो वर्ष पलका 'मोहर र आ बाट आमा' रिलिज भइसकेका छन् । दुवै फिल्मले दर्शकको अथाहा प्रेम पाए । यसैले, पल आफैले निर्माण गर्न लागेको 'यानीमाया' पनि दर्शकका लागि प्रतिक्षामा रहने निश्चित छ ।




# 'बेहुली'को शुभ-मुहूर्त, भदौमा प्रदर्शन हुने

**काठमाडौं (प्रस)–** चलचित्र 'बेहुली' निर्माण हुने भएको छ । बिहीबार ललितपुरस्थित कार्यविनायक मन्दिरमा चलचित्रको शुभ-मुहूर्त गरिएको छ ।

'द डिभाइन म्युजिक' र 'सम्मान इन्टरटेन्मेन्ट'को प्रस्तुतिमा निर्माण हुन लागेको आगामी वर्षको हरितालिका तीज (भदौ १२)बाट प्रदर्शनमा आउनेछ ।

चलचित्रका निर्माता सङ्गीतकार अर्जुन पोखरेल हुन् । पोखरेलका अनुसार यसै साताबाट चलचित्रको छायाङ्कन सुरु हुनेछ । लामो समयदेखि नेपाली सुगम सङ्गीत तथा चलचित्र सङ्गीतमा सक्रिय पोखरेल यसै चलचित्र मार्फत निर्माताका रूपमा उदाएका हुन् । फिल्ममा सङ्गीत पनि पोखरेलकै रहनेछ ।

सशान कँडेलले निर्देशन गर्न चलचित्रको कथा माधव शर्माले लेखेका हुन् । चलचित्रमा दिव्या रायमाझी, पारस बम ठकुरी (कुलब्वाय),सुशान्त कार्की, पदम तामाङ, सन्तोष बानिया, सरिता गिरी, लोकेन्द्र लेखक, सबिन कट्टेल र समायरा थापा मगर लगायतको अभिनय रहनेछ ।

नरेन्द्र मैनालीको छायाङ्कन (डीओपी) रहने चलचित्र विकास दाहालले सम्पादन गर्नेछन् भने द्वन्द्व निर्देशन रोशन श्रेष्ठले गर्दै छन् । चलचित्र काठमाडौं उपत्यकाभित्र काफिया फिल्मस् र उपत्यकाबाहिर श्री व्यंकटेश इन्टरटेन्मेन्टले वितरण गर्नेछन् भने डिजिटल अधिकार ओएसआर डिजिटलले लिएको छ ।



# दशौं पिएम कप एनभिए भलिबल १० वैशाखदेखि, १० लाख पुरस्कार



■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल भलिबल संघ (एनभीए) को आयोजनामा दशौं प्रधानमन्त्री कप एनभीए महिला तथा पुरुष भलिबल लिग आउँदो १० वैशाखदेखि हुने भएको छ ।१९ गतेसम्म त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा हुने यस प्रतियोगितामा पुरुषतर्फ ८ र महिलातर्फ ६ गरी कुल १४ टोलीको सहभागिता रहनेछ ।

पुरुषतर्फ हेल्प नेपाल, त्रिभुवन आर्मी, नेपाल प्रहरी, एपीएफ, खिल्जी युवा क्लब (लुम्बिनी), पश्चिम रुकुम, कोशी प्रदेश र बुढानिलकण्ठ क्लब सहभागी हुनेछन् । महिलातर्फ न्यू डायमण्ड, नेपाल प्रहरी, एपीएफ, सुदूरपश्चिम, एभरेष्ट क्लब र त्रिभुवन आर्मी क्लबले प्रतिस्पर्धा गर्नेछन् ।

प्रतियोगितामा महिला र पुरुष दुवैतर्फ समान पुरस्कार राखिएको छ । विजेताले १० लाख, उपविजेताले ५ लाख र तेस्रो हुने टोलीले २ लाख ५० हजार रूपैयाँ पाउनेछन् । यो भलिबल खेलकै इतिहासमा अहिलेसम्मकै सबैभन्दा ठूलो नगद पुरस्कार हो । यस्तै, सर्वोत्कृष्ट खेलाडीलाई ६० हजार तथा उत्कृष्ट सर्भर, ब्लकर, लिवेरो, स्पाइकर, सेटर र प्रशिक्षकलाई जनही ३० हजार रूपैयाँ प्रदान गरिनेछ ।

प्रतियोगिताको प्रत्यक्ष प्रसारण हिमालय टेलिभिजनले गर्नेछ । काठमाडौं बाहिरका टोलीका खेलाडीलाई दैनिक १२०० रूपैयाँ र उपत्यकाभित्रका खेलाडीलाई ३०० रूपैयाँ खाजा खर्च उपलब्ध गराइने बताइएको छ । प्रतियोगिता सञ्चालनका लागि करिब १ करोड १५ लाख रूपैयाँ खर्च हुने अनुमान गरिएको छ । साथै, प्रत्येक टोलीले बढीमा ३ जना विदेशी खेलाडी सहभागी गराउन पाउने व्यवस्था गरिएको छ ।

# गोर्खा 'ट्रेल ब्लेजर'को उपाधि थापा र तामाङलाई

**धरान (प्रस)–** धरानमा सम्पन्न चौथो संस्करणको 'गोर्खा ट्रेल ब्लेजर' दौड प्रतियोगितामा पुरुषतर्फ उमेश थापा र महिलातर्फको उपाधि प्रिया तामाङले जितेका छन् ।

शनिबार सम्पन्न १० किलोमिटर दौड धरानका धावक थापाले २५ मिनेट ५१ सेकेन्डमा र महिलातर्फ दार्जिलिङकी प्रिया तामाङले ३० मिनेट ४६ सेकेन्डमा उक्त दूरी पार गरे । विजेता दुवै जनालाई जनही रु २० हजार नगद, मेडल र प्रमाणपत्र प्रदान गरिएको गोर्खा सिमेष्ट्रिज ट्रस्ट नेपालका अध्यक्ष महेन्द्र राईले बताए ।

गोर्खा सिमेष्ट्रिज ट्रस्ट नेपालको आयोजनामा सम्पन्न दौड प्रतियोगिता धरान उपमहानगरपालिका-१८ स्थित रत्न चोकबाट सुरु भई मंगलबारे, सर्दु खोलाको नयाँ पुल हुँदै धरान-२० विष्णुपादुकास्थित भञ्ज्याङमा पुगेर समापन भएको थियो ।

प्रतियोगितामा सुनसरी, मोरङ, झापा, पाँचथर, धनकुटालगायतका जिल्लाबाट करिब पाँच सय धावक-धाविकाको सहभागिता रहेको थियो । जीवित वीर गोर्खा सैनिकहरूको सम्मानमा प्रतियोगिता सञ्चालन हुँदै आएको छ ।

साफ यू-२० च्याम्पियनसिप

# फाइनल प्रवेशका लागि नेपाल र बंगलादेश भिड्ने



■ प्रभाव संवाददाता

**काठमाडौं –** साफ यु-२० च्याम्पियनसिपको सेमिफाइनलमा फेरि बंगलादेश र नेपाल भिड्ने भएका छन् ।

गत संस्करण साफ यु-१९ च्याम्पियनसिपको सेमिफाइनलमा पनि यी दुई टोली भिडेका थिए । उक्त खेलमा बंगलादेशले नेपाललाई २-१ ले पराजित गरेको थियो ।

बंगलादेशले समूह 'बी' को अन्तिम खेलमा साबिक विजेता भारतसँग १-१ को बराबरी खेलेपछि सेमिफाइनल समीकरण पूरा भएको हो ।

नेपाल समूह 'ए'को विजेता हो । नेपाले ३ खेलबाट ७ अंक जोडेको थियो । नेपालले समूह चरणको अन्तिम खेलमा आयोजक माल्दिभ्ससँग १-१ को बराबरी खेलेको थियो ।

नेपाल रहेको समूहबाट भुटान पनि ४ अंकसहित सेमिफाइनल पुगिसकेको छ । भुटानले समूह 'बी'को विजेता भारतसँग खेल्नेछ । भारतले २ खेलबाट ४ अंक जोड्यो । यद्यपि, गोल संख्यामा बंगलादेश उपविजेता बन्यो । भारतले पाकिस्तानलाई ३-० र बंगलादेशले २-० ले हराएको थियो ।



चीनको ल्हासास्थित एउटा पार्कमा भूदास मुक्ति दिवसको उत्सवमा परम्परागत नृत्य प्रदर्शन गर्दै कलाकार । *तस्विर: सिन्हवा*

# मध्यपूर्व द्वन्द्वको वैश्विक असर, अर्थतन्त्रमा दबाब

**पेरिस–** मध्यपूर्वमा जारी युद्धले विश्व अर्थतन्त्रमा गहिरो र बहुआयामिक असर पारेको छ । थाइल्याण्डले इरानसँग हर्मुज जलडमरूमध्य हुँदै आफ्ना तेल ट्याांकरहरू सुरक्षितरूपमा सञ्चालन गर्न सहमति गरेको छ, जसले इन्धन आपूर्ति अवरुद्ध हुने चिन्ता केही हदसम्म कम गरेको छ ।

तर, यही जलमार्गमा इरानले केही जहाजहरू फिर्ता पठाएको बताएको छ, विशेषगरी अमेरिका-इजरायललाई सहयोग गर्ने देशसँग सम्बन्धित जहाजहरूलाई लक्षित गर्दै, जसले विश्व व्यापार र ऊर्जा आपूर्तिमा अनिश्चितता थप बढाएको छ ।

यसैबीच, संयुक्त अरब इमिरेट्सको अबुधाबीस्थित औद्योगिक क्षेत्रमा मिसाइल र ड्रोन आक्रमणपछि आगलागी हुँदा कम्तीमा पाँच जना घाइते भएका छन् । कुवेतको मुख्य व्यापारिक बन्दरगाह शुवैखमा पनि ड्रोन आक्रमणबाट भौतिक क्षति पुगेको छ, यद्यपि मानवीय क्षति भने नभएको बताइएको छ । यी घटनाहरूले खाडी क्षेत्रका प्रमुख ऊर्जा र व्यापारिक केन्द्रहरू असुरक्षित बन्दै गएको संकेत दिएका छन् ।




युद्धको प्रत्यक्ष प्रभाव विश्व ऊर्जा बजारमा देखिएको छ । तेलको मूल्य तीव्ररूपमा बढेको छ, किनकि लगानीकर्ताहरूले द्वन्द्व चाँडै अन्त्य हुने आशा गुमाउँदै गएका छन् । यसको असर सेयरबजारमा पनि परेको छ, जहाँ प्रमुख बजार सूचकहरू लगातार घटिरहेका छन् र लगानीकर्तामा अनिश्चितता बढेको छ । स्पेनको केन्द्रीय बैंकले अर्थतन्त्रमा 'उल्लेखनीय मन्दी' आउनसक्ने चेतावनी दिएको छ, साथै वित्तीय बजारमा अस्थिरता देखिन सक्ने संकेत गरेको छ । त्यहाँ इन्धन र ताप ऊर्जाको मूल्य बढ्दा मुद्रास्फीति पनि बढेको छ ।

इरानमा भने युद्धका कारण डिजिटल मुद्राको प्रयोग उल्लेखनीयरूपमा बढेको छ । विज्ञहरूका अनुसार यसलाई अन्तर्राष्ट्रिय प्रतिबन्धहरू छल्न र बढ्दो महँगीबाट जोगिन वैकल्पिक वित्तीय माध्यमका रूपमा प्रयोग गरिएको छ । उता, हवाई उडान क्षेत्रमा सुरुवाती दिनको तुलनामा उडान रद्द हुने दर घटे पनि कूल उडान संख्या अझै कम छ, जसले पर्यटन र व्यापारिक यात्रामा असर पारिरहेको छ ।

ऊर्जा संकट अझ गहिरिँदै जाँदा जर्मनीले आवश्यक परे कोइला-आधारित विद्युत् उत्पादनलाई अपेक्षाभन्दा लामो समयसम्म सञ्चालनमा राख्न सक्ने संकेत दिएको छ । इजिप्टले ऊर्जा खर्च नियन्त्रण गर्न पसल, रेस्टुरेन्ट र किनमेल केन्द्रहरूलाई राति ९ बजेपछि बन्द गर्न निर्देशन दिएको छ । इथियोपियामा पेट्रोल अभावका कारण मानिसहरू घण्टौं लामो लाइनमा बस्न बाध्य भएका छन्, कतिपयले त गाडीमै रात बिताएका छन् ।

यसैगरी, केन्या मा हजारौं टन चिया मुख्य बन्दरगाहमै अड्किएको छ, जसले निर्यात व्यापारमा ठूलो असर पारेको छ । समग्रमा, मध्यपूर्व युद्धले ऊर्जा आपूर्ति, अन्तर्राष्ट्रिय व्यापार, वित्तीय बजार, यातायात र दैनिक उपभोग्य वस्तुहरूको मूल्यमा व्यापक प्रभाव पार्दै विश्व अर्थतन्त्रमा अस्थिरता र अनिश्चितता बढाएको स्पष्ट देखिन्छ । *रासस/एएफपी*

## वार्ताको मध्यस्थता गर्दै पाकिस्तान

**पाकिस्तान–** पाकिस्तानको मध्यस्थतामा हुन लागेको मध्यपूर्वको युद्ध सामाधानार्थ वार्ताका लागि साउदी अरेबिया, टर्की र इजिप्टका विदेशमन्त्रीहरू इस्लामाबादमा आउने तयारी भएको जनाइएको छ ।

पाकिस्तानी विदेशमन्त्री इशाक दारले आफ्ना समकक्षीहरूलाई आमन्त्रित गरेका थिए भने उनीहरू आइतबार र सोमबार पाकिस्तानी राजधानीमा हुने बताइएको छ । भ्रमणको क्रममा विदेश मन्त्रीहरूले यस क्षेत्रमा तनाव कम गर्ने प्रयाससहित विभिन्न विषयमा गहन छलफल गर्ने विदेश मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ ।

विदेशमन्त्रीहरूले पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफलाई पनि भेट्ने कार्यक्रम रहेको बताइएको छ । विदेश मन्त्रालयको स्रोतले यसअघि सोमबार बहुपक्षीय बैठक हुने र प्रतिनिधिमण्डल आइतबार साँझसम्म पाकिस्तान पुग्ने अपेक्षा गरेको जनाएको थियो ।

द्वन्द्व बढ्दै जाँदा इरान र संयुक्त राज्य अमेरिकाबीच एक प्रमुख सहयोगीको रूपमा पाकिस्तान देखापरेको छ, जसले दुई पक्षबीचको सन्देशका लागि मध्यस्थताको रूपमा काम गरिरहेको छ । *रासस/एएफपी*

## हर्मुज क्षेत्रमा मानवीय सहायता सुनिश्चित गर्न संयुक्त राष्ट्र सक्रिय

**संयुक्त राष्ट्र–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले मध्यपूर्वमा बढ्दो द्वन्द्वकाबीच हर्मुज जलडमरु क्षेत्रमा मानवीय आवश्यकताहरू पूरा गर्न प्राविधिक संयन्त्र विकास गर्न एक कार्यदल गठन गरेका छन् । उनका प्रवक्ताले जानकारी दिएअनुसार मध्यपूर्वमा जारी द्वन्द्वका कारण हर्मुज जलडमरु हुँदै हुने समुद्री व्यापारमा अवरोध आउँदा आगामी महिनाहरूमा मानवीय सहायता र कृषि उत्पादनमा गम्भीर असर पर्न सक्ने जोखिम बढेको छ ।

महासचिव गुटेरेसले द्वन्द्वको दिगो समाधानका लागि प्रयास जारी राख्ने प्रतिबद्धता जनाउँदै तत्काल समुद्री चुनौती समाधान गर्न आवश्यक देखेर कार्यदल गठन गरिएको बताएका छन् । यस कार्यदलले जलडमरु क्षेत्रमा जहाजहरूको सुरक्षाका उपायहरू खोज्ने छ ।

नयाँ संयन्त्रमार्फत मल तथा त्यससँग सम्बन्धित कच्चा पदार्थको व्यापार सहज बनाउने लक्ष्य राखिएको छ । यो संयन्त्र सम्बन्धित सदस्य राष्ट्रहरूसँग समन्वय गरी राष्ट्रिय सार्वभौमिकता र अन्तर्राष्ट्रिय कानुनी मापदण्डको पूर्णसम्मानका साथ सञ्चालन गरिने छ ।

यसैबीच, स्वास्थ्य क्षेत्रमा काम गर्ने अन्तर ाष्ट्रिय निकायका अनुसार दुबईबाट पठाइने राहत सामग्री पुनः नियमित बन्दै गएको छ । मध्यपूर्वमा इजरायल र लेबनानस्थित हिजबुल्लाहबीचको लडाइँ तीव्र बन्दै जाँदा चिन्ता बढेको छ । लेबनानमा करिब १० लाखभन्दा बढी मानिस विस्थापित भएका छन्, जुन त्यहाँको कूल जनसंख्याको करिब पाँचौं हिस्सा हो । बालबालिकाहरू विशेषरूपमा प्रभावित भएका छन्, दैनिक करिब १९ हजार बालबालिका विस्थापित भइरहेका छन् ।

शान्ति स्थापनामा खटिएका संयुक्त राष्ट्रका सैनिकहरूको सुरक्षा अवस्था पनि कमजोर बन्दै गएको छ । हालै सीमावर्ती क्षेत्रमा ठूलो संख्यामा आक्रमणका गतिविधिहरू देखिएका छन् । प्रवक्ताले हिजबुल्लाहलाई इजरायलमाथि आक्रमण रोक्न र इजरायललाई लेबनानमा हुने सैन्य कारबाही रोक्न आग्रह गरे, किनभने यसले सर्वसाधारणलाई सबैभन्दा बढी असर पारिरहेको छ ।

पश्चिम किनार क्षेत्रमा पनि हिंसा जारी छ । केही स्थानमा नागरिकको ज्यान गएको छ भने बसोबास क्षेत्रहरूमा आक्रमण र क्षति बढेको छ । हालैका महिनाहरूमा यस्ता घटनाका कारण हजारौं मानिस विस्थापित भएका छन् । गाजा क्षेत्रमा राहत वितरण जारी रहे पनि पहुँचमा अवरोध, आपूर्ति शृंखलामा समस्या र निरन्तर आक्रमणका कारण चुनौतीहरू कायम छन् । *रासस/सिन्ह्वा*

## रूस-इरानबीच सैन्य प्रविधि सहकार्य तीव्र



**लण्डन–** रूसले युक्रेन युद्धमा प्रयोग गरिएका उन्नत प्रविधियुक्त ड्रोनहरू इरानतर्फ पठाइरहेको विभिन्न अमेरिकी र युरोपेली अधिकारीहरूले बताएका छन् । रिपोर्टअनुसार इरानले सुरुमा रूसलाई उपलब्ध गराएको ड्रोन प्रविधिलाई रूसले युक्रेन युद्धका क्रममा थप सुधार गरेको छ । अहिले ती सुधारिएका ड्रोनहरू फेरि इरानतर्फ पठाइँदै छन् ।

ती ड्रोनहरूमा उन्नत मार्गनिर्देशन प्रणाली, क्यामरा, विद्युतीय अवरोध पार गर्ने क्षमता तथा कृत्रिम बुद्धिमत्तामा आधारित सञ्चालन प्रणालीजस्ता विशेषता थपिएका छन्, जसले तिनीहरूलाई अझ प्रभावकारी बनाएको छ । अधिकारीहरूका अनुसार यस महिनामा रूस र इरानबीच ड्रोन हस्तान्तरणबारे सक्रिय छलफल भएको थियो । यद्यपि कति संख्यामा ड्रोन पठाइयो वा यो एकपटकको आपूर्ति हो कि निरन्तर हुने हो भन्ने स्पष्ट छैन । यसैबीच, इरानले पछिल्लो समय मध्यपूर्व क्षेत्रमा विभिन्न स्थानमा ड्रोन आक्रमण तीव्र बनाएको छ । उन्नत ड्रोनको प्रयोगले अमेरिका र उसका सहयोगी राष्ट्रहरूका लागि ती आक्रमण रोक्न थप चुनौती सिर्जना गर्न सक्ने बताइएको छ ।

रूस र इरानबीच सैन्य तथा प्रविधिगत सहकार्य पछिल्ला वर्षहरूमा बढ्दै गएको छ । युक्रेन युद्धपछि रूसले इरानी ड्रोन व्यापकरूपमा प्रयोग गरेको थियो भने अहिले दुवै देशबीच प्रविधि आदानप्रदान अझ गहिरिएको देखिएको छ । *रासस/एपी*

## अस्ट्रेलियामा इन्धन आयातमा सरकारी ग्यारेन्टी दिने घोषणा

**सिड्नी–** मध्यपूर्वमा भइरहेको संघर्षका कारण प्रभावित आवश्यक वस्तुहरूको आपूर्ति सुनिश्चित गर्न अस्ट्रेलियाली सरकारले नयाँ इन्धन सुरक्षा उपायअन्तर्गत इन्धन आयातमा ग्यारेन्टी दिने भएको छ । उक्त घोषणा प्रधानमन्त्री एन्थोनी अल्बानेसले शनिबार गरेका छन् ।



अल्बानेस र ऊर्जामन्त्री क्रिस बोवेनले सिड्नीमा पत्रकारहरूलाई जानकारी दिँदै सोमबारदेखि संघीय संसद्मा नयाँ विधेयक प्रस्तुत गरिने बताए । यस विधेयकले निजी क्षेत्रद्वारा इन्धन, मल तथा अन्य आवश्यक वस्तुहरूको खरिदमा विद्यमान निर्यात क्रेडिट एजेन्सीमार्फत सरकारी ग्यारेन्टी प्रदान गर्न अनुमति दिने छ ।

अल्बानेसले भने, 'सरल भाषामा भन्नुपर्दा, हामी इन्धनको किचनमा आपूर्ति थप्ने बखत सरकारी ग्यारेन्टी दिनेछौं । यो सरकारको सहयोग सामान्य व्यापार जस्तो हुने छैन; यो अन्तर्राष्ट्रिय बजारमा उपलब्ध अतिरिक्त आपूर्तिका लागिमात्र हुने छ ।'

उनले नयाँ उपायहरूले अतिरिक्त आपूर्ति सुनिश्चित गर्ने आयातकर्ताहरूको आर्थिक जोखिम कम गर्ने बताए । यो घोषणा अस्ट्रेलियामा इन्धन मूल्य आकाशिएको र क्षेत्रीय क्षेत्रमा व्यापक अभाव रहेको समयमा आएको हो । *रासस/सिन्ह्वा*

## समुद्रमा पसेको छ दिनपछि २२ जना आप्रवासीको मृत्यु

**एथेन्स (ग्रीस)–** ग्रीसको समुन्द्री तटमा एउटा डुंगामा फसेको छ दिनपछि २२ जना आप्रवासीको मृत्यु भएको डुंगामा जीवित रहेका व्यक्तिहरूलाई उद्धृत गर्दै शनिबार ग्रीक तटरक्षकले बताएका छन् ।

यसअघि शुक्रबार राति तटरक्षकले एक महिला र एक नाबालिकासहित २६ जनालाई युरोपेली सीमा एजेन्सीको जहाजले क्रेटबाट उद्धार गरेको बताएको छ । जीवित मानिसहरूले मृतकहरूको शव समुद्रमा फ्याँकिएको बताएका छन् ।

दुईजना घाइते व्यक्तिलाई क्रेटको हेराक्लिओनको अस्पतालमा लगिएको तटरक्षकले जनाएका छन् । जीवित व्यक्तिहरूको बयानको आधारमा तटरक्षकले डुंगा गत मार्च २१ मा पूर्वी लिबियाको बन्दरगाह सहर टोब्रुकबाट ग्रीसका लागि प्रस्थान गरेको बताएका थिए । जुन युरोपेली संघमा शरण खोज्ने धेरै आप्रवासीहरूको प्रवेशद्वार भएको जनाइएको छ ।

यात्राको क्रममा डुंगामा सवार यात्रुहरूले छ दिनसम्म खाना र पानीको अभावमा समुद्री तटमा ज्यान गुमाएको तटरक्षकले बताएका छन् । मृतकका शवहरू एकजना तस्करको आदेशमा समुद्रमा फ्याँकिएको बताइएको छ भने ग्रीक अधिकारीहरूले १९ र २२ वर्षका दुई दक्षिण सुडानी पुरुषहरूलाई तस्करको आरोपमा पक्राउ गरेका छन् । *रासस/एएफपी*

**मरिण गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कपिलाकोट, सिन्धुली**
**बागमती प्रदेश**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**(सूचना प्रकाशित मिति २०८२/१२/१५)**

यस कार्यालयबाट मिति २०८२/०९/२९ गते हिमालय टाइम्स पत्रिकामा प्रकाशित सूचना बमोजिम MRM/Sindhuli/Works/NCB/06/2082-2083 "Thulo Garduwa Khalanga Sadak Nirman" योजनामा रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरुको प्राविधिक बोलपत्रहरुको मूल्यांकन गर्दा तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक बोलपत्र सारभूतरुपमा प्रभावग्राही तथा प्राविधिक रुपमा योग्य रहेको हुँदा ITB २५.७ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३१) (ज) को उपनियम (५) बमोजिम निजहरुको आर्थिक बोलपत्र तपसिल बमोजिमको स्थान, मिति र समयमा खोलिने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

1. K.D. –Lucky One J.V.
2. P & D.K.–Prasi J.V.
3. Rauchuli– Aadarsha–Bir Bir J.V.
4. Akrit– Gadur– Pachani J.V.
5. Indraakshi Divya– P.T.R.–Gaurishankar J.V.

**आर्थिक बोलपत्र खोलिने:**

**स्थान** : मरिण गाउँपालिकाको कार्यालय, कपिलाकोट, सिन्धुली
**मिति** : २०८२/१२/२२
**समय** : दिनको १:०० बजे

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २८१००० | प्रति तोला – ० | प्रति तोला – ४६७० |



**सूर्यमुखी खेती** | दाङको घोराही उपमहानगरपालिका-१४ स्थित झिङ्गौरामा स्वर्गद्वारी आश्रम प्युठानको जगगामा गरिएको सूर्यमुखी खेतीमा ढकमक्क फुलेका फूल ।
*तस्बिर : कुलदीप न्यौपाने/रासस*

## इन्धन मूल्यवृद्धिले यातायात व्यवसाय संकटमा

■ प्रभाव संवाददाता

**भैरहवा–** पेट्रोलियम पदार्थको निरन्तर मूल्यवृद्धिले यातायात क्षेत्र गम्भीर संकटमा परेको भन्दै व्यवसायीहरूले चिन्ता व्यक्त गरेका छन् । शनिबार आयोजित लुम्बिनी ट्रक यातायात व्यवसायी संघको १४औँ वार्षिक साधारणसभामा बोल्ने वक्ताहरूले बढ्दो इन्धन मूल्यका कारण व्यवसाय सञ्चालन गर्नै कठिन बन्दै गएको बताएका हुन् । उनीहरूले वर्तमान परिस्थितिमा राज्यले तत्काल ध्यान नदिए यातायात सेवा नै प्रभावित हुने चेतावनी दिएका छन् ।

कार्यक्रममा नेपाल ट्रक यातायात व्यवसायी संघका अध्यक्ष राजेन्द्र विक्रम बानियाले नीति निर्माण तहमा रहेका व्यक्तिहरूले यातायात व्यवसायीका वास्तविक समस्या नबुझ्केको आरोप लगाए । उनले इन्धन मूल्यसँगै मर्मत, बीमा, कर लगायतका खर्चसमेत बढ्दै गएको उल्लेख गर्दै यसले व्यवसाय धान्नै कठिन बनाएको बताए ।

'हामीले दिनदिनै घाटा सहेर सवारी चलाउनुपरेको अवस्था छ,' उनले भने, 'सरकारले समयमै भाडा समायोजन नगर्दा व्यवसायी थप समस्यामा परेका छन् ।'

उनले ट्राफिक प्रहरीको तथ्यांक उद्धृत गर्दै नेपालमा दैनिक करिब सात जनाको सडक दुर्घटनामा मृत्यु हुने गरेको जानकारी दिए । यस्तो अवस्थामा दुर्घटना हुँदा सवारीधनीले ठूलो आर्थिक भार व्यहोर्नुपर्ने बाध्यता रहेको उनको भनाइ थियो ।

त्यसैगरी, लुम्बिनी ट्रक यातायात व्यवसायी संघका अध्यक्ष रुमाखर गौतमले मुलुकमा भइरहेका राजनीतिक तथा नीतिगत परिवर्तनहरूले पनि यातायात क्षेत्र प्रभावित भइरहेको बताए । 'नीति अस्थिर हुँदा दीर्घकालीन योजना बनाउन सकिएको छैन,' उनले भने, 'हरेक परिवर्तनसँगै व्यवसायीलाई नयाँ चुनौती सामना गर्नुपरेको छ ।'

गौतमले भारतीय नम्बर प्लेटका सवारीसाधन नेपालमा सञ्चालन भइरहँदा स्वदेशी व्यवसायी मारमा परेको गुनासो गरे । कार्यक्रममा संघका संस्थापक अध्यक्ष बिष्णुप्रसाद खरेलले नयाँ सरकारले यातायात क्षेत्रका समस्या समाधानमा चासो दिने विश्वास व्यक्त गरे । 'सरकारले व्यवसायीका समस्या बुझ्रेर समाधानमुखी नीति ल्याउने अपेक्षा गरेका छौँ,' उनले भने, 'यातायात क्षेत्र देशको अर्थतन्त्रसँग प्रत्यक्ष जोडिएको क्षेत्र भएकाले यसलाई उपेक्षा गर्न मिल्दैन ।'

कार्यक्रममा नेपाल पत्रकार महासंघ रूपन्देहीका उपाध्यक्ष बिश्वास ढकाल, सिद्धार्थ उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष दिलिप कान्दु, उद्योग वाणिज्य सङ्घका केन्द्रीय सदस्य महेन्द्र कुमार श्रेष्ठ तथा सिद्धार्थ सञ्जालका अध्यक्ष अनिल ज्ञवाली लगायतले पनि मन्तव्य व्यक्त गरेका थिए । वक्ताहरूले यातायात क्षेत्रलाई अर्थतन्त्रको मेरुदण्डका रूपमा व्याख्या गर्दै यसको सुदृढीकरणका लागि राज्यले प्राथमिकता दिनुपर्नेमा जोड दिएका थिए ।

उनीहरूले इन्धन मूल्य नियन्त्रण, कर प्रणाली सुधार, र यातायात व्यवसायीमैत्री नीति निर्माण आवश्यक रहेको उल्लेख गरे । 'यातायात क्षेत्र बलियो भए मात्र अन्य क्षेत्र पनि सहज रूपमा सञ्चालन हुन्छन्,' वक्ताहरूले धारणा राखे, 'त्यसैले राज्यले यस क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्छ ।'

कार्यक्रमले इन्धन मूल्यवृद्धिका कारण उत्पन्न समस्यालाई उजागर गर्नुका साथै समाधानका लागि राज्यको ध्यानाकर्षण गराएको सहभागीहरूले बताएका छन् । व्यवसायीहरूले अब पनि सरकारले चासो नदिए आन्दोलनसम्म जान बाध्य हुने संकेत गरेका छन् ।

## इटहरीमा छैटौं 'इस्टर्न ट्राभल मार्ट' सुरू

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल पर्यटन बोर्ड र इटहरी उपमहानगरपालिकाको सहकार्यमा छैटौं 'इस्टर्न ट्राभल मार्ट' शनिबारदेखि इटहरीमा सुरु भएको छ ।

कोशी प्रदेशका पर्यटकीय सम्भावनालाई अन्तरराष्ट्रिय बजारसँग जोड्ने लक्ष्यसहित सुरु भएको यो मार्ट तीन दिनसम्म सञ्चालन हुने बोर्डले जनाएको छ । कार्यक्रमको उद्घाटन गर्दै कोशी प्रदेशका पर्यटन, वन तथा वातावरणमन्त्री भीम पराजुलीले कोशी प्रदेश प्राकृतिक, सांस्कृतिक र धार्मिक हिसाबले अत्यन्त समृद्ध रहेको बताए ।

उनले भने, 'कोशी प्रदेश नेपालको पर्यटनको 'गेटवे' बन्ने क्षमता राख्छ । हामी यसलाई योजनाबद्ध रूपमा विकास गर्दै अन्तरराष्ट्रियस्तरमा स्थापित गर्ने दिशामा अघि बढिरहेका छौं ।' मन्त्री पराजुलीले जैविक विविधता, सिमसार क्षेत्र र वन्यजन्तु पर्यटनका दृष्टिले पनि यो प्रदेश सम्पन्न भएको उल्लेख गरे ।

उनले भने, 'संसारको सबैभन्दा अग्लो हिमाल सगरमाथादेखि समुद्री सतहबाट होचो स्थानमा रहेको कचनकवलसम्म यही प्रदेशमा पर्दछन् । यहाँको पर्यटनको अन्तरराष्ट्रिय बजारमा प्रवर्द्धन गर्न प्रदेश सरकारले पर्यटन पूर्वाधार विकास, लगानी तथा नीति सहजीकरणमा निरन्तर काम गरिरहेको छ । आगामी दिनमा पनि पर्यटन विकासका लागि आवश्यक सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।'

संस्कृति, पर्यटन तथा नागरिक उ•यन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले मार्ट पूर्वी नेपालको पर्यटन प्रवर्द्धनका लागि प्रभावकारी मञ्च बन्ने विश्वास व्यक्त गरे । 'हामी पर्यटनलाई अर्थतन्त्रको प्रमुख आधारका रूपमा अगाडि बढाइरहेका छौँ,' उनले भने, '१६औँ आवधिक योजना र 'नेपाल पर्यटन दशक' अभियानमार्फत पर्यटनलाई रोजगारी र आय वृद्धिको मुख्य माध्यम बनाइँदैछ ।' सचिव निरौलाले पूर्वीनेपालको पर्यटन अब सम्भावनाको चरणमा मात्र छैन, कार्यान्वयनको चरणमा प्रवेश गरिसकेको उल्लेख गर्दै इष्टर्न ट्राभल मार्ट जस्ता मञ्चहरूले यसलाई अन्तर्राष्ट्रिय बजारमा कोशीलाई चिनाउने आधार तयार गरेको बताए ।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले पर्यटनलाई संस्कृति, अर्थतन्त्र र मानिसलाई जोड्ने माध्यमको रूपमा व्याख्या गर्दै पूर्वी नेपाललाई साहसिक, सांस्कृतिक र प्राकृतिक पर्यटनको महत्वपूर्ण केन्द्र भएको बताए । उनले मकालु, कञ्चनजंघा क्षेत्रका पदमार्ग, इलामका चिया बगान, धार्मिक स्थलहरू र साहसिक गतिविधिहरूले पूर्वी नेपाललाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन सक्ने बताए । नेपाल एसोसिएसज अफ टुर एण्ड ट्राभल्स नाटा कोशी प्रदेशका अध्यक्ष तथा मार्ट संयोजक पुण्यप्रसाद भट्टराईले मार्टको उद्देश्य सीमा क्षेत्रका पर्यटन व्यवसायीहरूलाई एउटै प्लेटफर्ममा ल्याई व्यापार विस्तार गर्नु रहेको बताए ।

## दुई हजारभन्दा बढी ग्यासका बुलेट भित्रिए

**वीरगञ्ज (प्रस)–** वीरगञ्ज भन्सार कार्यालय हुँदै करिब डेढ महिनाको अवधिमा दुई हजार १३६ वटा एलपी ग्यासका बुलेट भित्रिएका छन् । पछिल्लो समय मध्यपूर्वका देशमा देखिएको सङ्कटसँगै नेपालसहित अन्य मुलुकमा एलपी ग्यासको अभाव देखिएको छ ।

यसैबीच, वीरगञ्ज नाका हुँदै फागुनमा मात्रै एक हजार ५६० वटा एलपी ग्यासका बुलेट भित्रिएका भन्सार कार्यालयले जनाएको छ । कार्यालय मातहत पर्ने एकीकृत भन्सार जाँचचौकीको व्यवस्थापन गर्दै आएका टिआरएस हिमायन लजी पार्कका 'अपरेसन हेड' गणेश घिमिरेले गत फागुनदेखि चैत १३ गतेसम्मको अवधिमा दुई हजार १३६ वटा एलपी ग्यासका बुलेट वीरगञ्ज नाका हुँदै भित्रिएका जानकारी दिए । 'गत माघमा एक हजार ४०३ वटा एलपी ग्यासका बुलेट भित्रिएका थिए', उनले भने, 'चैतको १३ गतेसम्म पनि ५७६ वटा बुलेट भित्रिएका छन् ।' वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालु आवको सात महिनामा यो नाका हुँदै रु २० अर्ब ८५ करोड मूल्य पर्ने २० करोड २८ लाख २० हजार ९३२ किलो एलपी ग्यास आयात भएको छ ।

## हेटौंडा सिमेन्ट उद्योगमा क्लिंकर उत्पादन सुरू

**बागमती (प्रस)–** लामो समयदेखि बन्द रहेको हेटौंडा सिमेन्ट उद्योगले क्लिंकर उत्पादन सुरु गरेको छ । गत भदौ २४ गतेदेखि बन्द रहेको हेटौंडा सिमेन्ट उद्योगले क्लिंकर उत्पादन सुरु गरेको उद्योगका सूचना अधिकारी बरिष्ठ अधिकृत हरेराम आचार्यले जानकारी दिए ।

क्लिंकर उत्पादन गर्ने र प्याकिङको काम गरेसँगै उत्पादित सिमेन्ट बजारमा पठाइने तयारी भइरहेको उनले बताए । सूचना अधिकारी आचार्यले भने, 'हामीसँग दुई सातालाई पुग्ने कच्चापदार्थ छ, त्यसैबाट क्लिंकर उत्पादन भइरहेको छ भने थप कच्चा पदार्थ व्यवस्थापन भइरहेको छ ।' नियमित उत्पादन हुँदा दैनिक सात-आठ सय क्विन्टल क्षमता भएपनि हाल छ सय क्विन्टलसम्म सिमेन्ट उत्पादन गर्ने लक्ष्य लिएको उहाँको भनाइ छ । विसं २०३३ सालमा हेटौंडाको लामसुरेमा स्थापना भएको उक्त उद्योगले विसं २०४३ सालदेखि सिमेन्ट उत्पादन सुरु गरेको थियो ।

## तीन करोड जोर जुत्ता निर्यात

**काठमाडौं (प्रस)–** नेपालबाट प्रत्येक वर्ष तीन करोड जोरजुत्ता विदेश निर्यात हुँदै आएको छ । जुत्ता उत्पादक संघका महासचिव निर्मल भट्टराईले एक विज्ञप्ति जारी गरी नेपाल जुत्तामा आत्मनिर्भर भएको जानकारी दिए । 'नेपाली जुत्ता उद्योगसँग वार्षिक १६ करोड जोरजुत्ता उत्पादन क्षमता छ । वार्षिक रूपमा तीन करोड जोरजुत्ता निर्यात हुँदै आएको छ', उनले भने । आन्तरिक उपभोगको ७० प्रतिशत हिस्सा नेपाली जुत्ताले ओगटेको संघले जनाएको छ ।

स्वदेशी उत्पादन, निर्यात र आन्तरिक खपत बढाउने लक्ष्यका साथ अघि बढिरहको संघले यही चैत २९ र ३० गते काठमाडौँमा हुन लागेको नेपाल उद्योग वाणिज्य महासंघको वस्तुगत कार्यसमितिको सदस्यमा संघका अध्यक्ष सुरज बन्जाडेलाई अघि सारेको छ । मुलुकको आर्थिक विकास, रोजगारी सिर्जना, निर्यातलगायत क्षेत्रमा जुत्ता उत्पादक संघले महत्वपूर्ण भूमिका खेलेको विज्ञप्तिमा उल्लेख छ ।

नेपाल जुत्ता उत्पादनमा आत्मनिर्भर हुनाका साथै जुत्ता निर्यातमार्फत वैदेशिक मुद्रा आर्जन गरी मुलुकको अर्थतन्त्रमा योगदान पुऱ्याउँदै आइएको संघका महासचिव भट्टराईले बताए । जुत्ता उत्पादन र निर्यातका क्रममा देखिएका समस्यालाई नेपाल उद्योग वाणिज्य महासंघमार्फत समाधान र खबरदारी गर्नका लागि अध्यक्ष बन्जाडेलाई महासंघको सदस्यमा आफूहरूले अघि सारेको उनले उल्लेख गरे ।

शहीद सुरेश रजक सधै अमर रहुन...



हार्दिक श्रद्धाञ्जली

शहीद सुरेश रजकले खबरकर्मको राष्ट्रिय दायित्व निर्वाह गर्दै गर्दा कर्मथलोमा आफ्नो प्राण आहुति दिएको २०८१ चैत्र १५, आज एक वर्ष बितिसकेको छ,

शहीद परिवार र एभिन्यूज खबर परिवारको मागहरू मध्ये अघिल्लो सरकारले स्व. सुरेश रजकलाई शहीद घोषणा गरेर मुख्य माग पुरा गरिएको प्रति हामी निवर्तमान सूचना संचार तथा प्रविधि मन्त्री मा. जगदीश खरेल र तत्कालिन सरकारलाई हार्दिक आभार प्रकट गर्दछौ ।
अझै, कर्तव्य पुरा गर्दै गर्दा अनाहकमा ज्यान गुमाएका शहीद सुरेश रजकको घटनाको अझै छानबिन हुन सकेको छैन । सरकारी प्रतिवेदन सार्वजनिक गर्न र छानबिन अनि दोषी माथि कार्वाहीको माग गर्दछौ साथै शहीद सुरेश रजकको प्रतिमा स्थापनाको लागि सरकारसंग आग्रह गर्दछौ ।

शहीद सुरेश रजक स्मृति साहसिक टेलिभिजन सम्मानका लागि रिपोर्ट दाखिला आव्हान !

२०८१ साल चैत्र १५ गते देखि २०८२ साल चैत्र १५ गते सम्म जोखिमपूर्ण अनुसन्धानात्मक फिल्ड रिपोर्ट खबर सम्प्रेक्षण गर्ने टेलिभिजन पत्रकारहरूले माथि उल्लेखित समयावधि भित्र आफुले गरेको साहसिक टेलिभिजन पत्रकारिताको रिपोर्ट एभिन्यूज खबरको केन्द्रिय कार्यालयमा दाखिला गर्न हुन वा ईमेल : avenues@samman.com.np मा आवेदन दिनहुन सादर अनुरोध गर्दछौ । प्राप्त रिपोर्टहरू दाखिला गर्ने समय ३५ दिनको रहने छ । तत् पश्चात प्राप्त रिपोर्टहरू सम्मान छनौट समितिले जेष्ठ मसान्त सम्ममा घोषणा गर्नेछ । असार मसान्त अर्थात् यहि आउँदो असार ३२ गते गरिनेछ ।

HD खबर